## सूचना

ग्रेटर नेपाल साप्ताहिकको साउन २४ गते (अगस्ट ९) को अंक प्राविधिक कारणले प्रकाशित गर्न नसकिने भएको व्यहोरा ग्राहक एवं पाठक वर्गमा जानकारी गराउँछौं । साथै यसबाट पर्न जाने असुविधाप्रति क्षमा याचना गर्दै साउन ३१ गते पुनः भेट्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

सम्पादक/प्रकाशक

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक १६, २०७६ साल साउन १७ गते शुक्रबार, नेपाल संवत् ११३९ (August 2, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## विप्लव समूहमा शुद्धिकरण अभियान

काठमाडौं । नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले पार्टीमा शुद्धीकरण अभियान चलाउन भन्दै स्थायी कमिटी र पोलिटब्युरो भंग गरेको छ। केही दिनअघि बसेको स्थायी कमिटी बैठकले ५ सदस्यीय स्थायी कमिटी र ११ सदस्यीय पोलिटब्युरो भंग गरेको हो। अब समूहमा सबै कमान्ड महासचिव नेत्रविक्रम चन्द आफैंले सम्हाल्ने भएका छन्।

चन्द समूहले पार्टीभित्र विकृति मौलाएको उल्लेख गर्दै १७ केन्द्रीय सदस्यलाई बाँकी ८ पेजमा

# मुलुकको अर्थतन्त्र टाट पल्टिने संकेत

काठमाडौं । लामो कालखण्डपछि देशले स्थिर सरकार पाए पनि देश भने झनै रुग्ण बन्दै गएको आर्थिक सूचकांकहरुले देखाइरहेका छन् । सरकारले समृद्ध नेपाल सुखी नेपालीको कर्णप्रिय नारा घन्काइरहेको छ तर मुलुकको आर्थिक अवस्था यति कहालिलाग्दो बन्दै गएको छ कि आर्थिक रुपले टाट पल्टिने संकेतहरु देखिन थालेका छन् । समग्र विकासको रामवाणका रुपमा बुझेर लागू गरिएको संघीयता नै आर्थिक विकासको मुय अवरोध बन्दै छ। विदेशी दातृ निकायहरुसँग ऋण लिएर संघीयताको खर्च धान्नुपर्ने अवस्थाले देश आर्थिक रुपले जर्जर बन्दै गएको छ। केन्द्र, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरुको आडम्बरी विलासी जीवनशैली, भ्रष्टाचार र कमिशनमुखी रवैयाले जनताको ढाड सेक्ने री लादिएको करका कारण संघीयताप्रति नै जनवितृष्णा बढ्दै गएको छ र यसले सम्भावित राजनीतिक दुर्घटनालाई समेत निम्त्याउँदैछ । सबै नेताहरु पार्टीका मात्र भएका र देशको नेता कोही नभएका कारण मुलुकले आर्थिक समृद्धिको राजमार्ग पहिल्याउन नसकेको हो ।

आर्थिक सूचकांक वृद्धिका लागि सबैभन्दा अनुकूल समय भनेको संक्रमणकालको अन्त्य र एकमना स्थायी सरकारको निर्माण हो । जुन अवस्था मुलुकले १७ महिना अघिदेखि पाइरहेको छ । तर पनि आर्थिक सूचकांकमा भारी गिरावट आइरहेको छ । यसरी गिरावट आउनुको अर्थ हो देश आर्थिक रुपले झन् कमजोर बन्दै जानु र सरकार असफल हुनु हो । सरकारमा रहेकाहरु गैरजिम्मेवार हुनु, भ्रष्ट आचरणमा सुधार नहुनु र संरक्षणवादलाई प्रोत्साहन गर्नुजस्ता कारणले आर्थिक सूचकांकको ग्राफ तल झर्नु हो । मुलुकमा बढ्दो भ्रष्टाचार, प्रशासनिक ढिलासुस्ती विकास आयोजनामा भइरहेका चरम लापर्बाही झन्झटिला ऐन, कानुन, चर्को कमिशनको सञ्जाल जस्ता विषयले अपेक्षित विदेशी लगानी पनि आउन सकेको छैन । अघिल्लो आर्थिक वर्ष लगानी जोखिम कम भएका देशको सूचीमा नेपालको स्थान एक सय पाँचौं नम्बरमा थियो तर यतिबेला एक सय दशौं नम्बरमा झरेको छ। अघिल्लो वर्ष भ्रष्टाचार नियन्त्रण गर्ने मुलुकको सूचीमा नेपालको नाम १२२ औं नम्बरमा थियो। तर यस वर्ष १२४ औं नम्बरमा झरेको छ ।

बितेको आर्थिक वर्षका लागि राज्यले करिब १३ खर्ब रुपैयाँ बजेट विनियोजन गरेको थियो । जसमध्ये करिब १० खर्ब रुपैयाँ खर्च भयो । बाँकी ३ खर्ब रुपैयाँको स्रोत जुटेन । वैदेशिक ऋण र सहायता पनि अपेक्षा गरिएअनुसार आएन । अनुमान गरिएभन्दा कम राजस्व संकलन भयो । १० खर्बमध्ये पनि विकासका पूर्वाधार निर्माणमा




करिब २ खर्ब रुपैयाँ मात्र खर्च भएको देखिएको छ । यो खर्च कुल बजेटको २२ प्रतिशत हाराहारी हो । विकास बजेट यति थोरै खर्च हुनु भनेको चालु आर्थिक वर्ष पनि लक्ष्यअनुसार राजस्व संकलन नहुने संकेत हो । यसैगरी वैदेशिक मुद्राको संचिति तथा व्यापारघाटा पनि कहालिलाग्दो रुपमा बढेको छ । व्यापारघाटाको आकार विगत दश वर्षदेखि नै बढ्दै गएको छ । एक दशकअघि ६८ दशमलव ६ अर्ब रुपैयाँको सामान निर्यात भएको थियो भने २ खर्ब ९१ अर्ब रुपैयाँको सामान आयात भएको थियो । व्यापारघाटा २ खर्ब ३० अर्ब रुपैयाँ बराबर थियो । गत आर्थिक वर्षमा ८१ अर्ब रुपैयाँ बराबरका सामान विदेश निर्यात भयो भने १२ खर्ब ४३ अर्ब रुपैयाँ बराबरका सामान विदेशबाट आयात भएको तथ्यांक छ । ११ खर्ब ६२ अर्बको व्यापारघाटा बढेर अहिले १३ खर्ब २१ अर्ब पुगेको छ ।

व्यापारघाटा कहालिलाग्दो रुपमा बढे पनि वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स र कृषि उत्पादनका कारण नेपाल आर्थिक रुपमा टाट पल्टिनबाट जोगिएको हो । विस्तारै वैदेशिक रोजगार धरापमा पर्दै गएको छ । अमेरिकामा त ट्रम्प प्रशासनले आप्रबासीहरुमाथि कडा प्रतिबन्ध लगाउन थालेको छ। अमेरिकामा रहेको विदेशी कमदारहरुलाई आफ्नै देशमा फर्किन भनिसकिएको छ। जापानले विभिन्न क्षेत्रका लागि नेपालबाट कामदार लाने भने पनि अझै निश्चित भइसकेको छैन । दक्षिण कोरियामा पनि नेपाली कामदारहरुको बढ्दो मृत्युदर र बेपत्ता हुने संख्या बढ्नाले त्यहाँको रोजगारी असुरक्षित बन्दै गएको छ। ५४ हजारभन्दा बढी नेपाली कामदार रहेको मलेसियाको रोजगारीले पनि गति लिन सकेको छैन । कतारमा विश्व फुटबल (वर्ल्डकप) का लागि रंगशालाहरु बनाउन नेपाली कामदारहरु गइरहेका छन् । रंगशालाहरुको निर्माणपछि उनीहरु त्यहाँ बेरोजगार बन्नेछन् ।

युएईले र कुवेतले वैदेशिक रोजगार भित्र्याउन कम गरिरहेका छन् । इरान, इराक, लिबिया, सिरिया, इजिप्ट, नाइजेरिया, कंगो लगायतका मुलुकहरु रोजगारीका लागि सुरक्षित मानिँदैनन् । अमिन, साइप्रस जस्ता मुलुकहरुमा महिलाहरु घरेलु कामदारका रुपमा सानो संख्यामा मात्र कार्यरत छन् । अष्ट्रेलिया, बाँकी ८ पेजमा

## गाँजा अझै किन प्रतिबन्ध ?

काठमाडौं । नेपालमा गाँजा प्रतिबन्ध छ । यसलाई लागू औषधको कोटीमा राखिएको छ । किसानहरुले गरेका गाँजा खेतीलाई प्रहरीले खोजी खोजी नष्ट गरिरहेको छ । भगवान शिवजीले सेवन गर्ने गाँजा मानव सभ्यतासँगै जोडिएको वनस्पति हो । गाँजाका औषधीय गुणहरुबारे पश्चिमी जगत जानकार भएसँगै यस वनस्पतिको महत्व विश्वव्यापीकरण हुन थालेको छ।

अमेरिकामा सन् १९३७ मा म्यारुवाना कर ऐनले गाँजाको कारोबारलाई प्रतिबन्ध लगाएको थियो । मेक्सिकोबाट मानिसहरु त्यतिखेरदेखि नै अमेरिका घुम्ने बसोबास गर्ने गर्थे । अमेरिकामा गाँजालाई क्यान्नबिस भनिन्थ्यो भने मेक्सिकोमा म्यारुवाना । मेक्सिकनको म्यारुवाना जीवनशैली थियो । उनीहरुले औषधि र मस्तीका लागि यसको सेवन गर्थे । अमेरिकी सरकारले मेक्सिकन र अफ्रिकाको दबदबालाई निरुत्साहित पार्न उनीहरुको संस्कृतिमाथि प्रहार गर्ने रणनीति अनुरुप म्यारुवानामा प्रतिबन्ध लगाएको थियो ।

संघ र राज्य सरकारहरुले गाँजालाई विष, लागूऔषधको संज्ञा दिई विभिन्न ऐन कानुन बनाएर अमेरिकामा प्रतिबन्ध लगाए । अमेरिकाले बाँकी ८ पेजमा

## भारतलाई ट्रम्पको धम्की

काठमाडौं । एक कार्यकाल पूरा गरी दोस्रो कार्यकालको सुरुआतमै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई अमेरिकी राष्ट्रपति ट्रम्पले झट्का दिएका छन् । मोदी सरकार विदेश नीतिको क्षेत्रमा कयौं चुनौतीको सामना गर्न थालेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हालै भनेका छन्- 'भारत लामो समयदेखि एक क्षेत्रमा भन्सार शुल्क बढाउँदैछ, जुन अस्वीकार्य हो । यो धम्कीको माध्यमबाट अमेरिकाले नयाँ दिल्लीमा भारत र अमेरिकाबीच हुने आधिकारिक वार्ताभन्दा पहिले दबाब बनाउन चाहेको संकेत गरेको छ ।

भारत र अमेरिका दुवै एक अर्कालाई रणनीतिक साझेदार भएको दाबी गर्दै आएका छन् । तर पछिल्लो दुई दशकको अवधिमा दुई देशबीचको विवाद कैयौं गुणाले वृद्धि भएको छ । जसमा रुसबाट अर्बौं डलरको एस-४०० मिसाइल प्रणाली खरिद गर्ने र इरानी तेल खरिद गर्ने विषयहरु पनि समावेश भएका छन् । भारतले आफ्ना छिमेकीसँग पनि समस्याको सामना गरिरहेको छ । किनकि पाकिस्तानसँगको तनाव चरम



अवस्थामा पुगेको छ भने नेपालको झुकाव चीनतिर बढ्दै गएको छ ।

चीनले ७० वटा देशमा आफ्नो वेल्ट एन्ड रोडको माध्यमबाट ४० खर्ब डलरको पहल सुरु गरेको छ । जसमा भारत अनिश्चित स्थितिमा रहेको छ । यसैबीच लामो समयदेखि भारतको मित्र रहँदै आएको रुस पनि चीनतर्फ झुकाव देखाउन थालेको छ । यो भारतका लागि राम्रो होइन भनिँदैछ । यो विशेष गरी अमेरिकातर्फ भारतको झुकावको कारण देखिएको छ ।

मोदीको पहिलो कार्यकालमा मोदी तथा ट्रम्पबीच राम्रो समझदारी रहँदै आएको थियो तर हाल अवस्थामा विल्कुल परिवर्तन आएको छ । किनकि अमेरिकी हितमा आँच आउने विषय ट्रम्प विल्कुल सहन सक्दैनन् । सेप्टेम्बर ११ को आतंकवादी हमलापछि आतंकवादप्रति अमेरिकाको बाँकी ८ पेजमा

## माले प्रतिनिधिमण्डल उत्तरकोरिया जाँदै

काठमाडौं । नेकपा (माले) को दश सदस्यीय प्रतिनिधिमण्डल उत्तरकोरिया भ्रमणमा जाने भएको छ । कोरियन वकर्स पार्टीको निमन्त्रणामा जाने भ्रमण टोलीको नेतृत्व स्थायी समिति सदस्य सुरेन्द्र ढकालले गर्नु हुने भएको छ । भ्रमणको उद्देश्यबारे जानकारी दिँदै भ्रमण टोलीका नेता ढकालले 'नेकपा (माले) र कोरियन वर्कस पार्टीबीच पुरानो सम्बन्ध रहेको र दुई पक्षीय भ्रमण समय समयमा आदानप्रदान भइरहने बताउनुभयो । नेकपा (माले) र उत्तर कोरियन वर्कस पार्टीबीचको परस्पर सम्बन्ध गाढा बनाउने, उत्तर कोरियाले आत्मरक्षा र समृद्धिको लागि गरिरहेको कामको अवलोकन गर्ने साथै मार्क्सवादको सिर्जनात्मक प्रयोगबारे व्यावहारिक जानकारी लिने भ्रमणको मुख्य उद्देश्य रहेको ढकालले बताउनुभयो ।

भ्रमण दलमा संलग्न सदस्यहरुमा स्थायी समिति सदस्य सुरेन्द्र ढकाल, केन्द्रीय सदस्यहरु तथा अन्य तहका सदस्यहरुमा बाँकी ८ पेजमा

## आकासियो व्यापारघाटा

काठमाडौं । भन्सार विभागको तथ्यांकअनुसार आव २०६७(६८ मा देशको व्यापारघाटा ३ अर्ब २७ करोड ५१ लाख रुपैयाँबराबरमात्र रहेकोमा गत आर्थिक वर्ष (२०७५(७६) मा आइपुग्दा व्यापारघाटा नै १३ खर्ब २१ अर्ब ४२ करोड रुपैयाँ पुगेको छ । यो गत आर्थिक वर्षको बजेटभन्दा पनि बढी हो, गत आर्थिक वर्षमा सरकारले जम्मा १३ खर्ब १५ अर्ब रुपैयाँबराबरको बजेट ल्याएकोमा जम्मा १० खर्ब ९५ अर्ब रुपैयाँमात्र खर्च गर्न सकेको छ ।

गत वर्षको व्यापारघाटा देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को ३८ प्रतिशतभन्दा बढी हो, अघिल्लो वर्ष यो जीडीपीको ३६ प्रतिशतको हाराहारीमा थियो । यो ९ वर्षको अवधिमा आयात करिब २६४ प्रतिशत बढ्दा निर्यात केवल ५४ प्रतिशतले मात्र बढेको कारणले व्यापारघाटा चुलिएको हो । देश एकल वैदेशिक मुद्रा आर्जनको स्रोत (रेमिट्यान्स)मा आश्रित रहेको बेला यसरी उच्च अंकले व्यापारघाटा चुलिदै गएको अवस्थालाई अर्थशास्त्रीहरूले नेपाल 'डच रोग'को अवस्थामा फसेको बताउने गरेका छन् । बाँकी ८ पेजमा

## पारवहन समस्या समाधान कहिले ?

काठमाडौं । नेपालको वाह्य व्यापारमा बारम्बार दोहोरिने पारवहन समस्या कायमै रहने देखिएको छ । कोलकाता बन्दरगाहमा हुने विभिन्न झण्झट र उल्झनले नेपाली आयातकर्ताहरू भारतकै अन्य बन्दरगाहतर्फ स्थानान्तरण हुन थालेपछि कोलकाता बन्दरगाहका अधिकारीहरू वीरगन्ज आएका छन् । तर, नेपाली आयातकर्ताहरूलाई रिझाउन वीरगन्जसम्म आएर उनीहरूले छलफल गरे पनि आयातामा अन्तर्राष्ट्रिय सञ्जाल भएको सिपिङ कम्पनीहरूको एकाधिकारका कारणले समस्या सम्बोधन नहुने सम्भावना बढेको हो ।

कोलकाता बन्दरगाहमा जाँचपास प्रक्रिया झन्झटिलो भएर बिलम्ब शुल्कको मारमा परेका नेपाली आयातकर्ताहरू भारतको बिशखापट्टनम वन्दरगाहतर्फ स्थानान्तरण हुन थालेपछि कोलकाता बन्दरगाहले नेपाली आयातकर्तालाई रिझाउने प्रयासस्वरूप मंगलबार वीरगन्जमा कोलकाता पोर्ट ट्रस्टका अध्यक्ष विनित कुमारले नेपाली उद्योगी व्यवसायी र आयातकर्ताहरूसँग छलफल गरेका छन् । उनले कोलकाता बन्दरगाहको टर्मिनलमा नेपाली आयातकर्ताले यसअघि झेल्दै आएको समस्यालाई सहज बनाएको भन्दै अहिले देखिएको समस्या सिपिङ कम्पनीहरूसँग भएको बताए । बाँकी ८ पेजमा

**समय सन्दर्भ**

## राष्ट्रवादी चिन्तनको अवसान

■ पृथ्वीराज सुब्बा

नेपालको प्रहरी-प्रशासन र सरकार कर्तव्यच्युत भएकै कारण दण्डहीनता, अराजकता एवं अशान्ति बढ्दै गएको कुरा कटु भए पनि यथार्थ हो । अपराध र राजनीतिको सीमारेखा छुट्टिन नसक्ने अवस्थामा अपराधी र राजनीतिज्ञ छुट्याउन त्यतिकै गाह्रो हुन्छ । ल्याक्टोमिटरले दूधमा मिसिएको पानीको मात्रा देखाउन सक्छ तर राजनीतिकरण हुँदै गएको अपराध र अपराधीकरण हुँदै गएको राजनीतिलाई पृथक गराउन असम्भव हुँदै गएको छ । जघन्य अपराधबाट सफाइ नपाउँदै राज्यका महत्वपूर्ण पदमा पुगेका व्यक्तिहरुका कारण मात्र होइन, राजनीतिले विधिको शासनलाई घोडा चढेका कारण कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका सम्पूर्ण शक्तिको दुरुपयोग भएको हो ।

भारतीय शासकवर्गको छहारीमा बसेर 'राजनीति गर्ने' (???) बानी परेका अधिकांस नेपाली नेताले नेपालको राष्ट्रिय हितलाई उपेक्षा गर्दै आएका छन् । त्यसैले नेपाल भविष्यमा आतंकवादीका अत्यन्त सुरक्षित थलो बन्ने संभावना प्रवल बनेको छ ।

भारतमा मात्र झण्डै एक सय वटा आतंकवादी संगठन छन् । स्वतन्त्र तिब्बत आन्दोलन, बोडो आन्दोलन, उत्तरपूर्वी भारतको त्रिपूरा, मिजोरम, कामतापूरा, खासी, नागा, मणिपुरलगायतका पृथकतावादी र आतंकवादी नेताहरु नेपालमा खुला रुपमा चलेखल गरेका खबरहरु पनि पटकपटक आएका छन् । नेपालमा भारतीय गुप्तचर संस्था 'रअ' मात्र सक्रिय छैन, अमेरिका, ब्रिटेन, चीन, पाकिस्तानलगायतका गुप्तचरहरु पनि सक्रिय रहेका खबरहरु पटकपटक आएका छन् । एनजीओ र आइएनजीओहरु विदेशी गुप्तचरका गुँड बनेका छन् ।

विश्व गिर्जाघर परिषद् (वर्ल्ड चर्चेज काउन्सिल) बाट प्राप्त करोडौंको आर्थिक सहायताबाट नेपालमा एउटा ठूलो मानव अधिकार संजाल संचालित छ, जसका अधिकांस कार्यकर्ता वामपन्थी छन् । 'एसिया फाउन्डेसन' नामक संगठन कसका लागि र कहाँबाट संचालित छ भन्ने कुरा लुकेको छैन । प्रत्यक्ष र परोक्ष रुपले नेपालको राष्ट्रिय एकतालाई खण्डित गराउन चाहने तथा नेपाली भूमिलाई प्रयोग गरेर आफ्नो स्वार्थ पूरा गर्न चाहनेहरु सक्रिय बन्दै गएका कैयन् उदाहरण हाम्रा सामुन्ने छन् ।

नेपालमा आर्थिक प्रलोभनले ठूलो काम गर्ने भएकाले अन्तर्राष्ट्रिय षडयन्त्रकारीहरुले नेपाली भूमिलाई सहजै प्रयोग गर्न सफल भएका छन् । विभिन्न दलका लोभीपापी नेता, उच्च पदस्थ कर्मचारी र अनैतिक कूटनीतिज्ञहरुलाई उपयोग गरेर स्वार्थ पूरा गर्न सफल भएका विदेशीले नेपालका प्रायः सबै राजनीतिक शक्तिहरुलाई समेत प्रभावित तुल्याएका छन् । अक्टोपसले आठवटै अंगले सिकार समातेझैं धर्म, राजनीति, जासुसी, समाजसेवा, विकास, शिक्षा, बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा.मुकुन्द रञ्जित, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# पर्यटन प्रबर्द्धनका लागि प्रदूषण बाधक

नेपालको सुन्दरताको बखान गरेर नथाक्ने विदेशीहरू विश्वभर छरिएर रहेका छन् । सुन्दरताले लोभ्याएर बर्सेनि नेपाल आउने र दोस्रो पटक आउँदा आफ्ना साथीभाइहरू समेत लिएर आउनेहरूका अनुभव विभिन्न सञ्चारमाध्यमहरूमा पढ्न र हेर्न पाइन्छ । पर्यटनका दृष्टिकोणले विश्वमै अब्बल रूपमा रहेको नेपालको सुन्दरताको छवि सदासर्वदा जोगाएर पर्यटकको संख्या तीव्र गतिमा वृद्धि गराई विदेशी मुद्रा आर्जन र रोजगारीको गतिलो माध्यम यस क्षेत्रलाई बनाउन सकिने कुरामा कुनै दुइमत छैन ।

संसारकै सबैभन्दा विश्वासिलो गाइडबुक तथा ट्राभल वेबसाइट कम्पनी अमेरिकाको 'लोन्ली प्लानेट' ले तयार पारेको भ्रमण गर्नैपर्ने संसारका १० उत्कृष्ट देशहरूको सूचीमा नेपाल पाँचौं नम्बरमा परेको थियो । यो पर्यटन व्यवसायीलाई मात्र नभएर सिंगो मुलुकबासीका लागि खुसीको कुरा हो । विश्वभरबाट आउने पर्यटकलाई स्वागत गर्न हामीले सर्वप्रथम चुनौतीका रूपमा अगाडि आएको प्रदूषण नियन्त्रणमा गम्भीरतापूर्वक ध्यान दिन आवश्यक छ । नेपाल आउने पर्यटकहरूको ठूलो हिस्सा हवाईमार्गबाट राजधानी काठमाडौं आउने हुनाले पर्यटकको पहिलो पाइला पर्ने राजधानीको गए गुज्रेको अवस्था सुधारेर स्वच्छ वातावरण बनाउन आवश्यक छ । राजधानी सहर फोहोर, धूलो, धूवाँ, हिलो र ध्वनि प्रद्रूषणबाट आत्रान्त बनेको छ । पर्यटकहरू यहाँ ठूलाठूला महल, फराकिला बाटा हेर्न पक्कै आएका होइनन् र त्यसखाले संरचना हामीसँग छँदा पनि छैनन् । यहाँका धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थलहरू र हिमश्रृंखलाहरूमा उनीहरूको चासो रहेको हुन्छ । प्रदूषणरहित वातावरणदेखि आउनेहरू एकदिन मात्र काठमाडौं उपत्यका भ्रमण गर्दा बिरामी हुने अवस्थामा पुग्छन् । त्यसैले पर्यटकको पहिलो पाइला पर्ने राजधानी उपत्यकालाई सरसफाइ र हिलो, धूलो, धूवाँ मुक्त बनाउन विशेष प्रयास तत्काल आरम्भ गरिनुपर्छ । उपत्यका भ्रमणमा राम्रो प्रभाव परेमा पर्यटकको बसाइ लम्बिनका साथै अन्य पर्यटकीय स्थलहरू भ्रमण गर्ने जाँगर चल्छ । व्यवसायीहरूले यस क्षेत्रमा गरेको अर्बौं लगानी सुरक्षित गर्न पनि बढीभन्दा बढी पर्यटक भित्र्याउने वातावरण बनाउनुपर्ने खाँचो छ । अहिले पर्यटकको भ्रमणको मौसममा समेत मुलुकको प्रमुख पर्यटन स्थलका रूपमा रहेको पोखराका होटलहरू आन्तरिक पर्यटकका बलमा धान्नु परेको व्यवसायीहरू बताउँछन् । भूकम्प र नाकाबन्दीले ओरालो लागेको पर्यटन उद्योगले अझै पुनर्जीवन पाउन सकेको छैन ।

विश्वको सर्वोच्च शिखर सगरमाथा, बुद्धको जन्मभूमि लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ, जानकी मन्दिर, जकपुर मात्र नभएर नेपालसँग अनगिन्ती हिमाल, हिमाली उपत्यका, पहाडका खोंच, राष्ट्रिय निकुञ्ज, दुर्लभ वन्यजन्तु, नदीनाला र सांस्कृतिक विविधताले भरिपूर्ण स्थल र जातजाति रहेका छन् । हामीसँग भएका चीजहरूको महत्व र गरिमाको विश्वव्यापी प्रचारको पनि खाँचो उत्तिकै रहेको छ । पर्यटन प्रबर्द्धनका लागि पर्यटन बोर्डको व्यवस्था गरे पनि उसको भूमिका मात्र पनि पर्याप्त छैन, त्यसैले कामको खोजीमा विश्वभर छरिएर रहेका नेपालीहरूलाई पर्यटन दूतको गहन अभिभारा सुम्पने योजना समेत सरकारले अघि सार्न जरूरी छ । हाम्रो मुलुकमा ठूलठूला कलकारखाना, उद्योगधन्दा भौगोलिक दृष्टिकोणले त्यति सम्भव छैनन्, त्यसैले पर्यटन, कृषिजन्य उद्योग र जलविद्युत विकास नै नेपालको प्रगतिका आधार स्तम्भ बन्न सक्छन् । त्यसैले सबैभन्दा पहिला हाम्रा सहरबजार, गाउँघर, पर्यटकीय स्थलहरू स्वच्छ, सफा, हराभरा बनाउन आवश्यक छ । अनिमात्र हामीले पर्यटकलाई लोभ्याउन सक्छौं र नेपाल साँच्चीकै घुम्नैपर्ने गन्तव्यको सूचीमा अग्रस्थानमा सदासर्वदा कायम रहनेछ । नेपाल भ्रमण वर्ष सन् २०२० लाई सफल बनाउन पनि पर्यटन पूर्वाधार विकास गर्न र प्रदूषण नियन्त्रणमा विशेष ध्यान पुऱ्याउन सबै पक्षले उत्तिकै जिम्मेवार बन्न आवश्यक छ ।

## दृष्टिकोण

# नेपाललाई विश्वयुद्धको मैदान बनाउँदै अमेरिका, सावधान !

**सुरेन्द्र ढकाल**



विश्वब्यापार संगठनको नियम कानुनलाई मान्दै अन्तर्राष्ट्रिय व्यापार शुरु गरेको चीनले व्यापार नाफा गरी वचत गर्न सकेकै कारण यसको केन्द्रिय बैंकमा चालिस खरबभन्दा बढी अमेरिकी डलर लगायतका विदेशी मुद्रा जम्मा भइसकेको छ । यही संचितिलाइ विकाशशील राष्ट्रहरुको पूर्वाधार विकाशमा लगानी गर्ने भन्दै चीनले आफनै अगुवाइमा अन्तर्राष्ट्रिय पूर्वाधार विकाश बैंक पनि खोलिसकेको छ ।

आफूसँग ब्यापार गर्ने विश्वका सबै राष्ट्रहरु सोझै जोडिनुपर्दछ भन्दै चीनले बेल्ट रोड इनिसियटिभ शुरु गरेर अन्तर्राष्ट्रिय ब्यापारमा आफ्नो अगुवाइ स्थापित गर्न खोज्दैछ । अर्कोतिर ब्यापारमा चीनले गरेको विकाशकै कारण चीनले आफूलाई सामरिक रुपमा पनि अमेरिका बराबरको विश्व महाशक्ति बनाउन लागिपरेको छ ।

चीनको विकाशबाट तर्सेको संयुक्त राज्य अमेरिका र यसका सहयोगी युरोपेली राष्ट्र, भारत, जापान अनि अष्ट्रेलियाहरु चीनको विकाशको रफ्तारलाई कसरी रोक्ने भन्दै विभिन्न रणनीति अख्तियार गर्दै आएका छन् । चीनलाई कमजोर बनाउन उनीहरु पहिलेदेखि नै ताइवान, हङकङ, मकाउ र तिब्बतलाई उचालेर तत्कालिन सोभियत संघलाई जस्तै चीनलाई विखण्डनको भुमरीमा पार्न चाहन्छन् । यसैको परिणतिस्वरुप चीनको बेल्ट रोड इनिसियटिभलाई चुनौति दिन अमेरिकाका राष्ट्रपति ट्रम्पले 'अमेरिका फस्ट' को सिद्धान्तलाई कार्यान्वयन गर्न भनेर इण्डो प्यासिफिक रणनीति अघि सारेको छ ।

यस नीतिलाई कार्यान्वयन गर्ने सिलसिलामा अमेरिकी राष्ट्रपति ट्रम्पले विश्व ब्यापार संगठनको सिद्धान्त विपरीत संरक्षणवादलाई अख्तियार गर्दै चीनबाट आयातित हुने वस्तुमा भन्सार महशुल बढाएपछि चीनले पनि अमेरिकी मालसमान भन्सार लगाउने निर्णय गर्नुले अहिलेको विश्व अमेरिका चीन ब्यापार युद्धको संकटमा फस्न पुगेको छ र यसले विश्वका सबैर राष्ट्रलाई प्रभावित गर्न शुरु गरेको छ ।

नेपाल शीतयुद्धकालदेखि नै असंलग्न परराष्ट्रनीति अवलम्वन गर्दै आएको देश हो । यसले शीत युद्धकालमा अमेरिका र सोभियत संघ दुवैसँग सुमुधुर सम्बन्ध राखी आफ्नो विकाश अभियानमा दुवै ध्रुवलाई सहभागी बनाएको थियो । नेपालले कहिले पनि आफ्नो असंलग्नताको नीति विरुद्ध हुने गरी दुवै ध्रुवका शर्तहरु मानेर सहयोग लिएन । नेपालले चीनको बेल्टरोड इनिसियटिभमा संलग्न हुने सम्झौता गर्दा पनि अमेरिका विरोधी कुनै शर्त मानेको छैन भने भोलि अमेरिकाको इण्डो प्यासिफिक रणनीतिमा संलग्न हुंदा पनि यसले चीन विरोधी शर्तहरुलाई मान्दैन र मान्नु पनि हुँदैन ।

इण्डो प्यासिफिक रणनीतिमा सामेल हुने देशहरुले अमेरिकाको अगुवाइमा भएको उत्तरी कोरियामाथिको नाकाबन्दीलाई समर्थन गर्नुपर्ने, मुख्य भूमि चीनको प्रादेशिक अखण्डतामा खलल पुऱ्याउने वा पुऱ्याउन खोज्ने ताइवान, हङकङ, मकाउ र तिब्बतमा भएका चीन विरोधी गतिविधिलाई सहयोग गर्नुपर्ने जस्ता शर्तहरु अमेरिकाले तेर्साएको छ । त्यतिमात्रै होइन अमेरिका आफैंले भूराजनीतिक अवस्थितिको कारण नेपाल पनि इण्डो प्यासिफिक रणनीतिभित्र पर्ने हुँदा नेपाल यसमा सशर्त सहभागी हुनुपर्ने मात्रै नभनी यस रणनीति कार्यान्वयनको केन्द्रीय भूमिका नेपालले खेल्नुपर्ने जस्तो एकतर्फी ठोकुवा समेत गर्न भ्याएको छ । नेपालका परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीको गत डिसेम्बरमा भएको अमेरिकाको भ्रमणताका अमेरिकी उपविदेश मन्त्री माइक पम्पेओले नेपाललाई अमरिकी रणनीतिमा संलग्न गर्ने यस प्रस्तावलाई औपचारिक रुपमा मन्त्री ज्ञवालीसमक्ष राखेका थिए ।

नेपालले अमेरिकाको यस प्रस्ताव मानेको खण्डमा मिलेनियम च्यालेञ्ज कर्पोरेसनबाट नेपाललाई ५०० मिलियन (५० करोड) अमेरिकी डलर गरिबी निवारण र आर्थिक समृद्धिको आयोजना कार्यान्वयन गर्न उपलब्ध गराउने प्रतिबद्धता समेत जाहेर भएको थियो । सो प्रस्तावलाई नेपालले मानेको खण्डमा उत्तर कोरियामाथिको अमेरिकी आर्थिक प्रतिबन्धलाई नेपालले मान्नुपर्ने, नेपालमा रहेका तिब्बती शरणार्थीहरुलाई नेपाल सरकारले पहिचान झल्कने गरी प्रमाणपत्र दिनुपर्ने र उनीहरुलाई नेपालमा खुल्ला रुपमा चीन विरोधी राजनीतिक क्रियाकलाप गर्न छुट दिनुपर्ने शर्तहरु राखिएका थिए ।

नेपालले खुला रुपमा अमेरिकाको यो प्रस्ताव नमानेको देखाए तापनि गोप्य रुपमा मानिसकेको शंका चीनले गरेको कारण विआरआई अर्न्तगत नेपाललाई चीनसँग रेलले जोडने लगायतका नयाँ व्यापारिक नाका खोल्ने अन्य योजनाहरु अलपत्र हुन लागेको देखिएको छ ।

त्यतिमात्रै नभई खरबौं रुपैयाको लागतमा नेपालमा बनेका अनेकौं गुम्बाहरुको स्रोत के हो ? कतै स्वतन्त्र तिब्बतको नाममा आएको अमेरिकी धनराशिले ती गुम्बाहरु बनेका त होइनन् ? र त्यहाँभित्र बौद्ध धार्मिक क्रियाकलापभन्दा पनि स्वतन्त्र तिब्बत सम्बन्धी प्रशिक्षण कार्य त भइरहेको छैन ? भनेर नेपाललाई औपचारिक रुपमा पत्र पठाइ चीन सरकारले सचेत बनाउन चाहिरहेको कुरा कुटनीतिक वृत्तमा चलिरहेको छ ।

अमेरिकी इण्डो प्यासिफिक रणनीतिमा नेपालको गोप्य सहमति रहेको छ भन्ने कुरा सत्तारुढ डवल नेकपाका अध्यक्षद्वयले हालैमात्र प्रस्तुत गरी पारित भएको राजनीतिक प्रस्तावमा नेपालले भारत र अमेरिकाप्रति नरम नीति अख्तियार गर्ने छ भनी उल्लेख हुनुले पनि पुष्टि हुन पुगेको राजनीतिक विश्लेषकहरु बताउँछन । यदि यो कुरा साँचो हो भने चीन अमेरिका युद्धको थलो नेपाल बन्न पुगी साँढेको जुधाइ अनि बाच्छाको मिचाइमा नेपाल परी नेपाल अफगानिस्तान हुन सक्ने प्रवल सम्भावना रहेको पर्यवेक्षकहरु बताउँछन् । सावधान !! अमेरिका नेपाललाई विश्वयुद्धको थलो बनाउँदै छ र सत्तारुढ डवल नेकपाको सरकार नेपाललाई त्यही दिशामा अगाडि बढाइरहेको छ ।

# केही चेतावनी केही संकेत



**जगदीश लामिछाने**
रौतहट, पौराई

अब चाहीँ नेपाली आफ्नै र अरु विदेशी मित्र आदिकै पनि कार्यगत हिमवतखण्ड नेपालको हित अहित गर्नेतर्फ तल्लीन हुँदै गएको देखिएको छ । हिततर्फको उच्च मूल्यांकन पनि गरिरहेकै हुन्छ । प्रत्येकको कमजोरी सुधार पनि गर्नु कर्तव्य नै ठान्छ । यस्तैमा श्री ३ जंगबहादुर चन्द्रशमशेरका महत्वपूर्ण एक/एक काम यहाँ किन दोहोऱ्याइरहनु ? त्यसपछिका प्रमाणित तेस्रा श्री ३ मोहनशमशेरको १९५० का सन्धिहरु दुई नै छन् तर ती दुई सन्धि उनकै २००९ वि.सं. मा भारतमै नुहाउँदा मारिने उनकै छोरा विजय शमशेरकै सहयोगले हो भन्नै परेको चाहिँ मोहनशमशेर भारतमै बसाई सर्नुले नै हो । भलै त्यो व्यक्तिगत समस्याले नै होला ।

त्यसपछिका श्री ५ महेन्द्रका धेरै कुरा सबैलाई थाहै छ तर उनैका युवराजत्वदेखिका सहयोगी चीन पुगी फर्की आउने तर वृद्धावस्थामा स्थिर जानकारी दिने खगेन्द्र गुरुङको २०७३।११।७ का लिखित वर्णनका प्रस्ट विवरण हेर्दा राजा महेन्द्र मर्ने बेलाका ठीक केही दिनअघि दियालो बंगलाको भेट वर्णन ज्यादै मार्मिक लाग्छ । इन्दिरा गान्धीको नेपाल नीति र वर्तमानकै पनि प्रख्यात कम्युनिस्ट नेता पुष्पलाल त्यसैबेला कम्युनिस्ट नेताहरुमै भर पर्न सक्दा रहेनछन् भन्ने नै देखियो । दरबारकै एउटा पूर्व कर्मचारीकै भनाइले राजाले विष सेवन गरेको शंका पनि हैन भन्न सकिएन । यस्तो अवस्थाको मूल कारक तत्व भारतीय नेता इन्दिरा गान्धी नै पनि हुन् भन्ने त यथार्थले प्रमाणित गरेकै छ ।

दोस्रो कारण नेपालकै टुक्रे कम्युनिस्ट संस्थाहरु अहिलेसम्म पनि आफ्नै शक्ति संचय मात्रै हेर्ने देशको दीर्घकालीन हितका काम कम गर्ने स्वदेश हितका अध्ययनमा कमी नै देखियो । अहिले भर्खरै नेता प्रचण्ड तथा बाबुराम भट्टराईले भारत बसी गरेको माओवादी आन्दोलनको कुरा नै साक्षी छ । यस्तैमा एकता प्रयास गर्ने प्रम केपी ओलीको ग्रुपलाई सफलता मात्र हैन स्वदेश हितमै परिणत होस् भन्ने शुभकामना दिइन्छ । राजा वीरेन्द्र र पूर्वराजा ज्ञानेन्द्रले विदेशीहरुलाई नेपाली नागरिकता दिन कडाई गर्दा प्रत्येकको यो गति भयो समेत भन्नै परेन ।

राष्ट्रिय प्रजातन्त्र पार्टी जस्ता आफैं एक हुन नसक्नेका त कुरै नगरौं । प्रतिपक्षमै रहेको नेपाली कांग्रेसका २००७ वि.सं नेपाली जनताले राम्ररी पढिसकेका छन् । त्यही प्रतिपक्षमा भएका कमजोरी हटाएर एकढिक्का गर्नु र नेपाली जनमानस अनुसारको नेपाली कांग्रेस गराउन वर्तमान कांग्रेस अध्यक्ष शेरबहादुर देउवाले पनि आफनो दलमा प्राण सञ्चार गर्नैपर्छ । व्यक्तिगत इच्छा मात्र पूर्तिले कुनै पनि नेपाली नेता स्थिरतातर्फ अघि सर्न वर्तमानमा त गाह्रै छ ।

(१) पर्यावरण नीति तथा आर्थिक नीति उल्लंघन

नेपालको केन्द्रीय क्षेत्रीय तथा स्थानीय तहमा पर्यावरणमैत्री योजनाहरु सञ्चालन हुनुपर्ने हो । भीर पहरा तथा तराईका डुबाउ हुने क्षेत्रमा बाटो आदि बनाउँदा त्यस्तो देखिएको छैन । त्यस्तोमा घर गाउँ नै भए पनि सार्नु राम्रो हुन्छ । पर्यावरण खलबल्याउनु राम्रो हुँदैन । आर्थिक अनियमितता समेतमा नियन्त्रण देखिएन । यस्ता समस्या प्रत्येक क्षेत्रमा हेरिएकै भए अमूल्य चुरेकै गिटी ढुंगा उत्खनन गरी मरुभूमिकरण पहाड तराईमा होला भन्ने डर मान्नुपर्ने नै थिएन । यस्तोमा अंकुश लगाउन सक्ने गरी अधिकार सम्पन्न समिति प्रत्येक तह र केन्द्रमा पनि चाहिन्छ । पर्यावरण नीति तथा खर्च नीति नियन्त्रण गर्ने संयन्त्रहरु खोई ?

(२) तराईवादी तथा जाति क्षेत्रवादी दलहरुको बलमिच्याइँ

आफ्ना समस्या समाधान गर्दा अरुको हक अधिकार हनन गरियो भने हामी फेरि जंगली अवस्थामै फर्कन्छौं । गएको नाकाबन्दीको बेलामा त हाकाहाकी नै थियो अहिले पनि विदेश मोह तराई पहाडमा यत्तिकै छ । विदेशले आफ्नै भलो गर्छन् हाम्रो होइन । यस्तो कुरामा ठूला दलहरुले बोलिदिएको भए यो देशमा राजनीति र औद्योगिकीकरण सँगसँगै हुँदै जाने थियो । नत्र त देश तहसनहस हुन बेर नै लाग्दैन । के भन्नुहुन्छ सत्ता पक्ष र प्रतिपक्ष ? जनता नीति र नियममा बस्नैपछ बसाउनैपर्छ ।

(३) केही विदेशकै प्रसंगहरु

यस्तै हाम्रा कमजोरी नै देखेर होला ई.१९५० कात्तिक १४ गतेको मिति नै लेखेको बेलायतले नेपालसँग सन्धि गऱ्यो तर यसैको अत्यावश्यक दोस्रो काम गरेन । यसै भएर होला दार्जिलिङका सुवास घिसिङले स्थानीय सर्वोच्च न्यायिक क्षेत्रमै पुगेर 'नो म्यान्स ल्यान्ड' भनेर आफैंलाइै मागे । त्यसमा यो राजनीतिक विषय हो भनियो इत्यादि । उता उत्तरी मित्र चीनले भारत जान लिपुलेख भारतसँग माग्यो । त्यहाँ नेपाल चीन सीमा स्तम्भमा केवल नेपाल तथा चीन दुई पाटामा मात्र लेखिएको छ । पूर्व पश्चिम खाली नै छ । त्यो नेपाल प्रस्टै छ । घुमिघुमि हेरिएकै हो । त्यहाँ भारत छँदै छैन । जातिगत र क्षेत्रगत बिउले झगडा बढ्ला कि भनी बग्रेल्ती विदेशी अरु पनि आए । त्यहाँ केवल तिब्बत उछिटिन्छ कि भनेर हो हामीले राजा महेन्द्र जसरी पनि कानुनी रुपमा दलहरुले जिरह गर्न चुकेकै छौं । त्यस्ता कुरामा नेपाली कांग्रेस जस्तो प्रजातन्त्रवादी संस्थाको घैंटोमा पनि राम्ररी घाम लागेको सबै नेपालीले हेर्न पाइन्छ कि ?

# प्राकृतिक विपत्तिको सिकार बालबालिका

■ **गोविन्द विश्वकर्मा**

भारी वर्षासँगै आएको बाढी तथा पहिरोले विभिन्न जिल्लाहरुमा व्यापक रुपमा जनधनको क्षति गरिरहेको छ । बाढी तथा पहिरोले मच्चाएको वितण्डामा सबभन्दा धेरै महिला बालबालिकाहरु प्रताडित भइरहेका छन । विषेश गरी घटना भइसकेपछि सजगता अपनाउनु भन्दा पनि प्राकृतिक विपत्ति जुनसुकै समयमा पनि आउन सक्ने भएको हुनाले बालबालिकाप्रति आम अभिभावक चनाखो हुनुपर्ने हुन्छ । बालबालिकाहरुलाई पहिरोको जोखिममा खेल्न दिने तथा खोला किनारमा खेल्न छोड्नु हुँदैन । तमोरमा बगेका तीन बालबालिकाहरुलाई अभिभावकले खोला किनारमा खेल्न दिनु नै दुर्भाग्य भएको देखिन्छ ।

प्राकृतिक विपत्ति जहाँ जतिखेर जुन अवस्थामा पनि आउने हुनाले यसबाट जोगिन जोगाउन सबै पक्षले समयमा नै ध्यान दिन सिकएन भने पछुताउनु बाहेक केही पनि हुँदैन । विषेशगरी ग्रामिण स्तरमा बाढीपहिरोबाट जोगिनका लागि जनचेतना जगाउन आवश्यक छ । वडावडा तथा गाउँगाउँमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । बालबालिकाहरु आफैंमा अपरिपक्व हुन्छन । उनीहरुलाई यो काम गरेमा आफूलाई क्षति हुन्छ भन्ने हेक्का नै हुँदैन । यसमा विषेशगरी अभिभावक नै जागरुक हुनुपर्छ । लेकमा घर भएका अभिभावक वेशीको खोलामा काम गर्ने क्रममा बालबालिकाहरुलाई जतातत‍ै खेल्न छोडिदिने गरेको पाइन्छ । जसले ठूलो दुर्घटना निम्त्याउने गरेको पाइन्छ ।

जोखिमबाट बालबालिकाहरुलाई जोगाउनका लागि पहिलो त अभिभावक आफैं सजग हुनुपर्ने र टोलटोलमा चेतना फैलाउन लाग्नुपर्ने अवस्था छ । हरेक वर्ष बाढीपहिरोले बालबालिकालाई नै बढी क्षति गरिराखेको हुन्छ । विगतका पाठहरुले पनि यस विषयमा सबै पक्ष गम्भीर हुनुपर्ने देखिन्छ । यसता घटनाप्रति प्रहरी नै बेखवर हुनु दुखको कुरा हो । प्रहरीले त आम मानिसलाई सुरक्षा दिनुपर्नेमा आफै बेखबर हुनु कसको लापरवाही हो ? यसमा खबर नपुगेर वा खबर पुगेर पनि आउन नपाएर । यसप्रति पनि प्रहरी प्रशासनले ध्यान दिनु आवश्यक छ । तामाका मुनाजस्ता कलिला बालबालिकाहरुलाई जोखिमबाट जोगाउने सबै पक्ष आजैबाट जुटौं ।

# मैले देखेको एक सय सातौं विश्व सम्पदाः
# फ्रान्कफर्टको इम्पेरियल हल

सुरेन्द्र ढकाल


बाहिरबाट हेर्दा इम्पेरियल हल यस्तो देखिन्छ

इम्पेरियल क्याथेड्रल अवलोकन गरेपछि हामी फ्रान्कफर्ट नगरको शाही (इम्पेरियल) हल अवलोकन गर्न त्यतातर्फ लाग्यौं । यही इम्पेरियलहललाई पछिल्लो समयमा नगर सभा गृह (टाउनहल) पनि भन्दा रहेछन् । मध्यकालिन समयमा रोमरहरूको ज्यादै सिंगारिएको र त्यतिखेर ज्यादै नाम चलेको हल रहेछ यो । फ्रान्कफर्ट शहर परिषदको मुख्यालय रहेको यो हलमा सन १६१२ मा पहिलोपटक सम्राट माथियासको राज्यारोहण भई ठूलो भोजको आयोजना भएको रहेछ ।

अहिले पनि शहरको औपचारिक कार्यक्रम र समारोहहरू यहीं नै आयोजना हुने रहेछ । सम्राट चयन गर्ने र उनको राज्यारोहण समारोह र सार्वजनिक भोजका कार्यक्रमहरू हुने हुँदा हलका भित्ताहरूमा त्यहाँ राज्यारोहण भएका सम्राटहरू चार्लेमाग्न्यांदेखि फ्रान्सिस द्वितीयसम्मका गरी ५२ वटा कलात्मक चित्र (पेन्टिङहरू) टाँसिएका रहेछन् । पेन्टिङसँगै राज्याभिषेकको अवसरमा जारी गरिएका सुनका सिक्काहरूलाई पनि हलमा प्रदर्शनमा राखिएको रहेछ ।

रोमन साम्राज्यका पार्षद र प्रशासकहरू बसेर आफ्नो दैनिक काम गर्ने यो हलमा कारागार र अपराधीलाई यातना दिई अपराध सावित गराउने कक्ष (टर्चर च्याम्बर) पनि रहेछ । सन १६६३ देखि १८०६ सम्म यहाँ रोमन साम्राज्यको संसद पनि बसेको रहेछ । युरोप र जर्मन राजनीतिको यो हल केन्द्रविन्दु बन्न पुगेको रहेछ । युनेस्कोको हेरिटेज साइटमा पर्न गएको यो हलमा टिकट काटेरमात्र प्रवेश दिइँदो रहेछ । इम्पेरियल हल रहेको भवन भने मध्यकालीन वास्तुकलामा बनेको रहेछ ।


५२ वटा सम्राटको मूर्ति भएको इम्पेरियल हलको भित्री भाग


हलको भित्तामा सजिएका सम्राटका मूर्तिहरू



राज्यभिषेकको अवसरमा जारी गरिएको प्रदर्शनमा राखिएको सुनको सिक्का

## विचित्रको संसार

### पानीमा तैरिने होटेल

स्वीडेनको ल्यापल्याण्ड क्षेत्रस्थित ल्यूल नदीमा एक तैरने होटल बनिरहेको छ । उक्त होटल तथा स्पाको नाम 'द आर्कटिक बाथ' राखिएको छ । तैरिने होटलप्रति मानिसहरुको क्रेज यति धेरै देखिएको छ कि सन् २०२१ का लागि अहिलेदेखि नै बुकिङ सुरु भैसकेको छ । उक्त होटलमा एक दिन बस्नका लागि ८ सय १५ पाउण्ड बराबरको रकम तिर्नु पर्दछ । यो होटल गर्मीको समयमा यो नदीको पानीमाथि तैरिनेछ । जाडो याममा जब नदीको पानी जम्दछ, तब यो होटल पनि पानीसँगै जम्नेछ ।

### छ वर्षे बच्चाको कीर्तिमानी

रुसमा एकजना छ वर्षे बालकले दुनियालाई नै अचम्ममा पारिदिएको छ । इब्राहिम लियानोभ नामका ती बच्चाले केवल २ घण्टामै ३ हजार २७० पटक पुसअप गरेर रेकर्ड कायम गरेका छन् । उनको यो किर्तिमानलाई रसियन बुक अफ रेकर्डस्मा सामेल गरिएको छ । इब्राहिमको लक्ष्य गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मा आफ्नो नाम दर्ज गराउनु हो । यसका लागि उनले हरेक दिन पुसअप गरिरहेका हुन्छन् । यसअघि गतवर्ष रुसमा एकजना पाँच वर्षका बालकले निरन्तर ४ हजा १०५ पटक पुसअप गरे रेकर्ड कायम गरेका थिए । उनलाई रुसी राष्ट्रपति भ्लादमिर पुटिनका आफन्त रमजान काडेरोभले पुरस्कारको रुपमा एक मर्सिडिज कार दिएका थिए ।

### महिला मात्र बस्ने टापु

महिला मात्र जाने र पुरुषका लागि जान बन्देज रहेको एउटा टापु छ यो दुनियामा । उक्त टापुको नाम सुपरशी टापु हो । बाल्टिक समुद्रमा रहेको फिनल्याण्डको उक्त टापु ८.४७ एक्कड क्षेत्रफलमा फैलिएको छ । उक्त टापु सर्वसाधारणका लागि यो वर्ष खुल्ला हुँदैछ । अमेरिकाकी एक धनाढ्य महिला क्रिस्टिना रोथले उक्त टापु किनेकी छिन् ।

क्रिस्टिनका यस्तो ठाउँको खोजी थिइन् जहाँ महिलाहरु आरामसँग छुट्टी मनाउन सकून् र कुनै समस्या नपरोस् । यो टापु त्यस्तै स्वप्निल ठाउँ हो । त्यहाँ महिलाहरुलाई फिटनेश, पोषण तथा अन्य सबैखाले दैनिक आवश्यकताका चिजबिजहरु प्राप्त हुनेछन् । भागदौडबाट मुक्त भएर महिलाहरु उक्त टापुमा समय बिताउन पाउनेछन् ।

यो टापुमा एउटा रिसोर्ट छ । उक्त रिसोर्टको निर्माण सम्पन्न हुनै आँटेको छ । रिसोर्ट ४ वटा क्याबिन हुनेछन् र ती क्याबिनमा १० जना महिला आरामसँग बस्न सक्नेछन् । उक्त रिसोर्टको बुकिङ खुल्ला भैसकेपछि केवल महिलाहरुले मात्र त्यहाँ कोठा बुक गर्न पाउनेछन् । रिसोर्टका कोठा बुक गर्नका लागि केवल पैसा तिरेर मात्र पुग्नेछैन ग्राहकहरुले स्काइपीको माध्यमबाट अन्तरवार्ता नै दिनुपर्नेछ ।

उक्त टापु तथा रिसोर्टकी मालिकनी क्रिस्टिना रोथ टापुमा पुरुषलाई प्रतिबन्ध लगाउनुको अन्य कुनै कारण नभएको र आफूलाई पुरुषहरुप्रति घृणा नभएको बताउँछिन् ।

### चमत्कारी शिवलिङ्ग


काठमाडौं । दुनियामा केही चिजहरु यस्ता रहस्यमयी हुन्छन् कि त्यसको गुह्य पत्ता लगाउन वैज्ञानिकहरु पनि असमर्थ हुन्छन् । भारतको हिमाचल प्रदेशमा एउटा यस्तै रहस्यमय मन्दिर छ । उक्त मन्दिरभित्र शिवलिङ्ग छ । उक्त शिवलिङ्ग यस अर्थमा निकै विशेष छ कि त्यसमा १२ वर्षमा चट्याङ पर्दछ ।

हिमाचलको मथान भन्ने क्षेत्रमा रहेको भोलेनाथ मन्दिर रहस्यले भरिएको छ । उक्त मन्दिरमा हरेक १२ वर्षमा चट्याङ पर्दछ । तर त्यसरी चट्याङ पर्दासमेत मन्दिरमा कुनै क्षति हुँदैन । तर मन्दिरभित्र रहेको शिवलिङ्ग भने टुक्रिन्छ ।

पौराणिक मान्यताअनुसार त्यहाँको विशाल उपत्यका नागको रुपमा रहेको छ, जसको शिवले वध गरेका थिए । त्यसैले हरेक १२ वर्षमा भगवान इन्द्रले भोलेनाथ अर्थात् शिवजीको आज्ञा लिएर उक्त मन्दिरमा चट्याङ पार्दछन् भन्ने मान्यता छ ।

चट्याङ पर्दा मन्दिरमा अरु क्षति हुँदैन, तर शिवलिङ्ग चाहिँ टुक्रिन्छ । त्यहाँका पुजारीहरुले फुटेको शिवलिंगलाई जोड्दछन् र घिउको लेप लगाउँदछन् । ताकि शिवजीले पीडाबाट राहत पाउन सकुन् । त्यसैले यो मन्दिरलाई स्थानीयले 'मख्खन महादेव' पनि भन्दछन् ।

# १९. नेपाल कम्युनिस्ट पार्टीमाथि २००८ सालमा लगाइएको प्रतिबन्ध हटाउनेबारे द्विपक्षीय वार्ता




■ शम्भुराम श्रेष्ठ

२०१३ सालमा राजा महेन्द्रको राज्यभिषेक हुनेवाला थियो । त्यस समय नेपालको प्रधानमन्त्री टंकप्रसाद आचार्य थिए । राज्याभिषेक हुनुभन्दा ३ महिना जति अघि काठमाडौंमा भएको कम्युनिस्ट पार्टीको बैठकले २००८ सालमा डा.केआई सिंह काण्डसँग कम्युनिस्ट पार्टीको पनि भित्रभित्रै सम्बन्ध थियो भनी झूटा आरोप लगाएर कम्युनिस्ट पार्टीमाथि लगाएको प्रतिबन्ध तुरुन्त हटाइनुपर्छ र नहटाएमा राजाको राज्याभिषेक नै हुन नसक्ने गरी देशव्यापी आन्दोलन गर्ने निर्णय गरी सोही बमोजिमको अल्टिमेटम दिई विज्ञप्ति जारी गर्‍यो ।

उक्त विज्ञप्ति प्रकाशित भएको केही दिनपछि प्रधानमन्त्री टंकप्रसाद आचार्यले पार्टीमाथि लगाइएको प्रतिबन्ध हटाउनेबारे श्री ५ को सरकार पार्टीसँग वार्ता गर्न इच्छुक छ र वार्ताका लागि तिथिमिति तय गर्न प्रधानमन्त्री कार्यालयसँग सम्पर्क गर्न अनुरोध गरिएको पत्रका साथ आफ्नो कार्यालयको एकजना स्टाफ कर्मचारीलाई मकहाँ पठाउनुभयो । टंकप्रसादको पत्र प्राप्त भएपछि का.मनमोहन अधिकारी र मैले सल्लाह गरी हाम्रो तर्फबाट वार्ताको निम्ति सुझावको रुपमा मिति तोकी पठायौं । हामीले तोकी पठाएको मितिलाई नै श्री ५ को सरकारले पनि स्वीकार गर्‍यो । सोही अनुसार वार्ता सुरु भयो ।

श्री ५ को तर्फबाट प्रधानमन्त्री टंकप्रसाद आचार्य र परराष्ट्र मन्त्री चुडाप्रसाद शर्माले वार्तामा भाग लिए । कम्युनिस्ट पार्टीको तर्फबाट म शम्भुराम श्रेष्ठ र केन्द्रीय कार्यालय सचिव पीएन राणाले भाग लियौं । वार्ताको प्रारम्भ टंकप्रसादजीले 'राजतन्त्र, अर्थात् संवैधानिक राजतन्त्रबारे हाम्रो पार्टीको के कस्तो पोजिसन हुन्छ' भन्ने प्रश्नबाट गर्नुभयो । त्यसको जवाफमा मैले भने- 'सिद्धान्ततः हामी कम्युनिस्टहरु राज्य अथवा राज्यव्यवस्था नै मान्दैनौं । राजतन्त्र पनि, गणतन्त्र जस्तै, राज्यको एउटा रुप भएकाले हामीहरुले राजतन्त्र अथवा गणतन्त्रलाई मान्ने नमान्ने प्रश्नै उठ्दैन । हामी न त राजतन्त्रवादी हौं, न त गणतन्त्रवादी नै ।


जहाँसम्म अहिले अर्थात् तत्कालको सवाल छ, यो त अन्तरिम, अर्थात् संक्रमण अवधि भएको हुनाले, संवैधानिक राजतन्त्रबारे देशमा हुन लागेको संविधानसभाको निर्वाचनद्वारा अन्तिम निर्णय गर्ने छ नै । अहिले नै यसबारे बहस गरिरहनुपर्ने आवश्यकता हामी महसुस गर्दैनौं ।'

मैले यो जवाफ दिएपछि श्री ५ को सरकार पक्षले सहमति जनायो । अनि सोही बमोजिमको सम्झौता पत्रमा प्रधानमन्त्री टंकप्रसाद आचार्य र मैले हस्ताक्षर गर्‍यौं । केही दिनपछि श्री ५ को सरकारले बेइमानी गरी नेपाल कम्युनिस्ट पार्टीले राजतन्त्रलाई मान्यो भनेर राजपत्रमा प्रकाशित गरेछ । सामान्यतया हामीहरु नियमित रुपले राजपत्रहरु पढ्ने गर्दैनौं । त्यसकारण हामीहरुलाई श्री ५ को सरकारले बेइमानी गरेर राजपत्रमा त्यो झूट्टा खबर छापेको हामीहरुलाई थाहा भएन । थाहा भएपछि हामीले विरोध गर्‍यौं ।

# डयुसलडर्फ : चकित पार्ने आधुनिकता, छक्कै पार्ने प्राचीनता-३

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**



बिहानदेखि चक्कर लगाएको साँझ पर्न लागिसक्यो डेरामा फर्कने कुरै हुँदैन । झन् राति अबेर भए पनि फिल्म हेर्ने नयाँ प्रोग्राम बाटैमा बन्यो । दुई जनाको होस्टेमा मैले नाइँ भन्न सकिनँ र स्वीकृति दिनै पर्‍यो । काठमाडौँमा जस्तो कुन हलमा केकस्तो चलचित्र हो ठम्याएर मनले खाएको चाहिँमा जाने प्रक्रिया डचुसलडर्फ महानगरीमा सम्भव थिएन । त्यसैले रुचिबेगर नै एउटा चलचित्रभवनमा पसेका हुन्छौँ । फिल्मको शीर्षक यसो हेर्दा घतलाग्दो नै देखिन्थ्यो, यद्यपि यसको सही नाम बिर्सेको छु । तर यसमा पनि अरूमा झैँ अधिकांश दृश्यहरू यौनाचारले परिपूर्ण थिए । दर्शकवृन्दलाई कौतूहल र मनोरञ्जन दिलाउन विषयवस्तुसित सिङ न पुच्छरको सम्बन्ध भएका दृश्यहरू खचाखच थिए । कुनै दृश्य सुन्दर प्राकृतिक वाटिकामा युवकयुवतीको खुल्लमखुल्ला यौनाचारले सिँगारिएको थियो त कुनैमा यात्रुहरूले भरिएको उडिरहेको विमानभित्रै परिचारिकालाई बलात्कार गरेको । त्यस्तै कुनैमा स्त्रीहरूले लुकीछिपी आफ्ना पलुवा कुकुरसँग अप्राकृतिक यौनसम्बन्ध राखेको नौला दृश्यहरू थिए ।

चलचित्र हेरेर फर्कंदा मेरो मस्तिष्कमा आफ्नो देशको गरिमाको कुरा खेल्न थाल्यो । विश्वको मानचित्र पल्टाएर हेर्दा कनिकाजत्रो सानो बिन्दु देखिए पनि त्यहाँ बस्ने हामी नेपाली नग्नता र अप्राकृतिक यौनाचारलाई घृणा गर्दछौँ जसले हामीलाई अमानवीय सभ्यतामा ओराल्नुका साथै अस्वस्थताको पोखरीभित्र पनि उठ्नै नसक्ने गरेर डुबाइदिन्छ ।



**खेल खतम पैसा हजम**

डचुसलडर्फबाट आफ्नो गाउँ आरोल्सन प्रस्थान हुने दिन थियो । बिहान सबेरै पाँच बजे उठेको थिएँ र सरसामानहरू खास मिलाउन नपरी फुर्सद हुँदा मनमा चुलबुली, केके जस्तो भइरह्यो । पाँच-पाँच दिनसम्म साथै बसी खाईपिई घुमफिर गरेका ती दुई नेपाली परिचित मित्रहरू रेलवे स्टेसनसम्म आई बिदाइ गर्लान् भन्ने ठानेको त एक जना कपाल दुख्यो भनी देखै परेन, अर्कोचाहिँ डचुटीमा जानु छ भनी आठ बज्नुअघि नै निस्क्यो । बिदा हुने बेलामा भेट्न नपाउँदा मनमा साह्रै थकथकी लाग्यो । जिन्दगी भनेको यस्तै तीतामीठा क्षणहरूको सम्मिश्रण हो भन्ने विचार गर्दागर्दै ट्रेन छुट्ला भन्ने डरले हत्तपत्त आफ्नो सरसामान समाल्दै, रानाको त्यो डेरातिर फर्की मुसुक्क हाँस्दै 'ल बिदा' भन्दै फटाफट लम्कैं । जाडो महिनाको बिहान आठ बज्दा पनि हामीकहाँ मिरमिरे उज्यालो हुन लागेजस्तै भएको थियो, एकाध घरमा कुकुर भुकेको सुनिन्थ्यो, बाटोमा एक-दुईओटा मोटर गुडिरहेका थिए, अनि एक-दुई जना मानिस फाटफुट देखिन्थे । बसद्वारा रेलवे स्टेसन पुगी हतपत ट्रेन समात्न पुगेँ ।

डचुसलडर्फलाई मनमनै सके फेरि भेटौँला भन्दै थिएँ, ट्रेन सलल गुड्दै गयो । पाँच-पाँच दिनको हिँड्नै पर्ने, खानै पर्ने, खर्च गर्नै पर्ने बाध्यताबाट स्वतन्त्र हुन पाएकोमा मनमा हलुङ्गो अनुभव भए पनि मानसिक अन्तर्द्वन्द्व भने भइ नै रहेको थियो । ट्रेनमा मानिसहरूको चहलपहलै रहे पनि म निश्चल थिएँ, निस्तब्धताको अन्धकारमा मौन रहेर बसेझैँ कताकता मेरो मानसपटमा सायद रेलयात्रामा संलग्न भइरहेर होला एउटा नेपाली गीत ध्वनित हुन लागेको थियो-

*अरू कालो रेलको धूवाँले*
*हामी कालो छाता हजुर ओढ्दैनओढ्नाले ।*

यो गीतलाई अनि आफ्नै पारामा ढालेर यस्तो भन्न मन लागिरह्यो-

*अरू चङ्गा चतुर चालाले*
*आफू चङ्गा हजुर चुँडिने धागाले ।*

साँच्चै म दार्शनिक बनिरहेको थिएँ जानाजान आफ्नो खल्ती सुक्दै गएको सम्झँदै, अनि त्यस ट्रेनभित्रका अरू सबै यात्रुहरूलाई केवल साधारण व्यक्ति मात्र सम्झिरहेको थिएँ । वस्तुतः मेरो दार्शनिकतामा प्रौढताले भन्दा भावुकताले बढी स्थान ओगटिरहेको थियो । त्यस बेला आफूले आफैँलाई सम्झाउनुबाहेक अरू केही चरा थिएन ।

भाषा स्कूलमा दुई दिनसम्म सबैले कसरी आफ्नो बिदा मनाए त्यो वर्णन गरे । मचाहिँ चुपचाप सुनिरहेँ । कसैले कोट्टयाएर सोधिहाले भने 'हो, डचुसलडर्फ पुगेको थिएँ' मात्र भनिदिन्थेँ ।

कविता

## ए बाउ !



● प्रेम ओली
(ढकलपुरे)


ए बाउ !
काठमाडौंतिर अहिले नआऊ
बढेर चर्को छ तरकारीको भाउ
किलोबाट झरेर खाकाछौं पाउ
त्यो पनि बिषादी पो रे
बरु गाउँतिर बस
उतै शुद्ध तरकारी खाऊ
यता आयौ भने बिरामी परौला
सरकारी अस्पताल के जानु ?
निजीको खर्च सुन्यौ भने
झन औषधी नगरी ठहरै मरौला
यो बर्षातमा के आउँछौ ?
अब राजधानी हिउँदमै हेरौला
फेरि राजधानी भनेर के गर्नु
छत्तरे भिरको पैरो लडेको जस्तो बाटो छ
एम्बुस थापेको जस्ता खाल्टा खुल्टी छन
फेरि तिमी खाल्टोमा झरौला
सिधै बैतर्नी तरौला ।

बरु जाडोमै आऊ
धुलो भए पनि मास्क लगाऔंला
मेलम्चीको नआए पनि के भो र
जारको पानी मगाऔंला
त्यो बेलासम्म त रेल पनि आउँछ कि ?
आएछ भने त्यसैमा घुमौंला
नभए थोत्रा माइक्रो बस छँदैछन
त्यसैलाई समाऔंला
काकाले पानीजहाज पनि आउँछ भन्थे
आइे पो हाल्छ कि !!
आएछ भने त्यसैमा चढौंला
नभए चिडियाघरमा त छँदैछ
त्यसैमा रमाइलो गरौंला ।

ए बाउ !
अहिले शहरतिर त आउँदै नआऊ
बरु गाउँतिर ताजा तरकारी खाऊ
शुद्ध फलफूल र दूध दही खाऊ
हिउँदको लागि त्यो ज्यान दरो बनाऊ ।

## घिउ खाँदा के के फाइदा छ ?





घिउले छाला स्वस्थ राख्नुको साथै स्मरणशक्ति बढाउनसमेत सकारात्मक भूमिका खेल्छ। कब्जियतका बिरामीलाई घिउ सेवन निकै फइदाजनक हुन्छ। यसले स्किनमा चमक ल्याउनुका साथै जोर्नीमा घर्षण उत्पन्न गर्छ। जसले गर्दा, हिँडडुल गर्न सहजता मिल्छ। घिउले शरीरको प्रतिरक्षा प्रणालीलाई पनि बलियो बनाउन मद्दत गर्छ। यसले मुटुलाई स्वस्थ राख्ने र क्यान्सरको खतरालाई घटाउने कामसमेत गर्छ। यसले शरीरमा भिटामिन डी एब्जर्ब गर्ने वातावरण सिर्जना गर्छ। जसकारण पनि घिउ महत्वपूर्ण छ।

घिउ सेवनले मधुमेह र मोटोपनाको समस्या हटाउन पनि सहयोग पुग्छ। घिउले शरीरलाई चंगा बनाउन मद्दत गर्नुका साथै आरामदायी निद्रामा सहयोग पुऱ्याउँछ। घिउलाई जुनसुकै तरिकाले खान सकिन्छ। डिप फ्राई, तरकारी, दालरोटी र परौठा बनाउनका लागि यसको प्रयोग गर्न सकिन्छ।

Remember us for the Construction
of Private and Public Works
East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

# गाईवस्तुको गोठ सुधार कसरी गर्ने ?

■ डा.श्रीभगवान ठाकुर

गाइभैंसीको गोठ निर्माण गर्दा जलवायु परिवर्तनका असर न्यूनीकरण हुनुका साथै घर आँगन सफा भई वातावरणमा सुधारमा समेत सहयोग पुग्ने छ । यस्ता प्रविधि तराई मधेशमा प्रचलनमा बढी नरहेकोले त्यहाँका कृषकहरूलाई बढी फाईदा हुने देखिएकोले स्थानीय तहका योजनामा समेटेर योजना निर्माण गर्दा राष्ट्रको समृद्धिमा टेवा पुर्याउने छ ।

गोठ अँध्यारो, सूर्यको प्रकाशन पर्ने, चिसो भएको अवस्थामा उपियाँ, जुम्रा, तथा सुलसुले जस्ता बाह्य परजिवीको आक्रमण तिब्र हुनुका साथै संक्रामक रोगका जीवाणु, विषाणु तथा ढुसीको बृद्धिविकास तिब्रभई गाईवस्तु विरामीभई रहन्छ । गोठ हावा नखेल्ने बाफिलो, गोबर पिसावले दुर्गन्धित र चिसो भएमा श्वास प्रश्वास संबन्धि रोगले पशुवस्तुहरू विरामी पर्ने गर्दछन् । सूर्यको प्रकाशले रोगका जीवाणुहरू नष्ट हुनुका साथै पशुको शरीरमा विभिन्न प्रकारका भिटामिनहरूको प्राप्ति हुन्छ । गोठसुधारले पशुवस्तुको सोत्तर, गोबर र मूत्र व्यवस्थापन हुने तथा घाम, पानी, चिसो, हावाहुरी, वर्षा, असिनाको तनावलाई घटाई मौसमी तनावले हुनजाने रोगमा कमी हुन्छ । यसबाट घाँस तथा दानाको उपभोगमा बृद्धि हने र आहाराको प्रभावकारीता बढ्ने हुन्छ । गोठ सुधारबाट गाईवस्तुको गोबर तथा मूत्रको समुचित व्यवस्थापन हुने भएकोले हरित गृह ग्याँस मिथेनको उत्सर्जनमा कमीभई जलवायु परिवर्तनमा समेत कम गर्नेछ ।

गोठ बनाउने ठाउँ ओभानो, उज्यालो, समथर, पानी सजिलैसँग सोसिने र बग्ने तथा निकासको सुविधा भएको हुनुपर्दछ । कम्तीमा दिनमा ५-६ घण्टा सूर्यको प्रकाश पर्ने, जोडसँग हावानचल्ने तर हावाको आवागमन राम्रो भएका र आरसेनिक मुक्त पानी पाईने ठाउँको छनौट गर्नु पर्दछ । गोठको लागि आवश्यक क्षेत्रफलः सुधारिएको गोठको लागिआवश्यक लम्बाई चौडाई, घाँस, दाना र पानीको लागि डुँडको विस्तृत विवरण यहाँ उल्लेख गरिएको छ ।

उपरोक्त अनुसार गोठ निर्माण गर्दा प्रति बयस्क गाईको लागि ८.३३ फिटलम्बाई र ४.६६ फिट.चौडाई तथा भैंसीकोलागि ८.६६ फिट लम्बाई र ५फिट चौडाई चाहिन्छ । यो लम्बाईको गोठ बनाउँदा पशुको मलमूत्र ठिक नालीमा गई पशुको सुत्ने ठाउँ सफा रहन्छ । ठाउँ ठूलोभएमा पशुहरू वरिपरि घुम्ने र सुत्ने ठाउँमा मलमूत्र जम्मा हुन सक्छ ।

प्रति वयस्क गाईभैंसीको लागि दानाको डुँड ६०-७५ से.मि. लम्बाई, ४० से.मि. चौडाई र ४० से.मि. गहिराई हुनु पर्दछ । जमीन देखि ९० से.मि.उँचाईमा डुँड बनाउनु पर्दछ जुन जग देखि दानाखाने भित्रिभाग ५० से.मि.उँचाईमा निर्माण गर्नु पर्दछ । त्यस्तै बाच्छा बाच्छी र पाडा पाडीको लागि ४०-७५ से.मि. लम्बाई, ४० से.मि. चौडाई र ३० से.मि. गहिराईको हुनु पर्दछ ।

पिउने पानीको डुँड दानाको डुँड जस्तै वयस्क गाईभैंसीको लागिडुँड ६०-७५ से.मि. लम्बाई, ४० से.मि. चौडाई र ४० से.मि. गहिराईको बनाउनु पर्दछ । त्यस्तै बाच्छा बाच्छी र पाडा पाडीको लागि१० देखि २० से.मि. लम्बाई भएको निर्माण गर्नु पर्दछ ।

गाईभैंसी गोठको भूँई पक्की निर्माण विधिः गोठको भूँईक्षेत्र पक्की, पानीनजम्ने, नसोस्ने र सफा गर्न सजिलो हुने ढंगबाटनिर्माण गर्नु पर्दछ । त्यसको लागि सेमेन्ट, गिटी र बालुवाबाट ढलान गरेर,वा ईटा, काठ वा ढुँगा छपाएर गोठको भूई निर्माण गर्नु पर्दछ । सकेसम्म खुल्ला क्षेत्र र नसके बन्द क्षेत्र त अनिवार्य रूपमा सेमेन्टको पक्की बनाउनु पर्दछ । भूँई क्षेत्र पक्कीगर्दा भूँइ नचिप्लिने तथा खस्रो खालको बनाउनुपर्दछ । समान्यता गोठको सतह एक फुट जति उँच्चो हुनु पर्दछ । गोठको भूँईक्षेत्र निर्माण गर्दा निकाशतर्फ ०.५ देखि १ प्रतिशतजति भिरालो बनाएर ढलान गर्नु पर्दछ ।जस्ले गर्दा सफा गरेको पानी र पिसाव बगेर २० से.मि. चौडा बनाईएको कुलेसोमा जान्छ ।

छाना बलियो टिकाउपानीनचुहिने, बाहिरी तापक्रमको छेक्ने तथाआकर्षक हुनु पर्दछ । छानासम्मपरेको चाक्लो वा भिरालो हुनु पर्दछ । स्थान र मौसम अनुसार छाना १२ देखि ३५ डिग्रीसम्म भिरालो हुन सक्दछ । छाना खर तथा २५-२६गेजको जस्तापाताकोहुनु पर्दछ । गोठको पर्खाल एकदमै मजबुतअर्थात बलियो हुनु पर्दछ । पर्खाल बनाउँदा ईटा वा ढुँगाबाट १-१.५ फिटबाक्लो पर्खाल बनाउनु पर्दछ । भिरालो छाना भएको गोठमा अग्लो भागतिर पर्खालको उँचाई ८.३३फिटर बलेनीतिर ५ फिटउचाईको पर्खाल बनाउनु पर्दछ । पर्खाल बनाउन समस्या भए जस्ता पाताले घेरेको हुनु पर्दछ । अग्लो पर्खालपट्टि १.५फिटको लम्बाई चौडाईको पूर्व दक्षिण तिर भेन्टिलेशनकोलागि झ्यालबनाउनु पर्दछ ।

मल राख्ने खाडलः प्रतिदिन, प्रतिगाईभैंसीबाट ४० देखि ४५ किलोसम्म गोबर प्राप्त हुन्छ। गोबरमा भएको पोषकतत्वलाई बचाउन, मिथेन ग्याँसको उत्सर्जन न्यून गर्न तथा दुर्गन्ध नआउन दिन गोबर सोतरहरूको व्यवस्थापन गर्न मल राख्ने खाल्डो गोठ देखिअलि टाँढा बनाउनु पर्दछ । खाल्डो १०-१३.३३फिट लम्बाई, १३.३३-१६.६६फिटचौडाई र ३.३३ फिटगहिराई भएको खन्नु पर्दछ । प्रति घन मिटर खाल्डोमा ७०० देखि १००० किलोसम्म अटाउँछ ।

पिसावजम्मा गर्ने टंकी निर्माणः गाईभैंसीको अधिकाँस पिसाव खेर जाने तथाअमोनियाग्याँस र नाईट्रस अक्साईडले पशुस्वास्थ्य र वातावरणमा नकारात्मक असर पार्ने भएकोले गाईवस्तुको मूत्र संकलनकोलागि पिसाव टंकी बनाउनु पर्दछ । गोठको भूईभन्दा तल ५० से.मि. लम्बाई चौडाई र गहिराईको सेमेन्टको पक्कीटंकी निर्माण गर्नु पर्दछ वा ५० लिटरको प्लाष्टिकको टंकी गाड्नु पर्दछ । गोठको भूँई बनाउँदा ओरालोपट्टि ८ ईन्चको बनाईएको कुलेसोमा १ ईन्च मोटाईको पाईप लगाई पिसाव टंकीमा जोडनु पर्दछ । पिसाव टंकीको मुख छोपेर राख्नु पर्दछ ।

गोठको ढोकाः गोठमा गाईभैंसीको लागि ढोकाअलि फराकिलो बनाउनु पर्दछ । ढोका डुँडपट्टि नराखि ओरालो वा गोठको मध्यभागतिर ६ फिटअग्लो र ४ फिटफराकिलो काठ र जस्ता पाताको बनाउनु पर्दछ ।

# यो भ्रष्ट र गैरजिम्मेवार सरकारलाई जनताले लखेट्ने छन्

**नीरा रञ्जित काठमाडौंको भित्री सहरी भाग जैसीदेवल निवासी समाजसेवी तथा राष्ट्रियताको लागि समर्पित जुझारू महिलाको रूपमा चिनिनुहुन्छ । भारतीय विस्तारवादका विरूद्ध संघर्ष गर्ने र देशभक्तिको आन्दोलनमा निरन्तर लाग्ने प्रेरणा आफ्नै दाजु सहिद मञ्जुर वर्ल्डबाट पाएकी नीरा अत्यन्तै खरो र प्रस्ट वक्ताको रूपमा चिनिनुहुन्छ । नेपालको सीमा अतिक्रमण मुलुकमा व्याप्त रहेको भ्रष्टाचार र नेताहरूको लम्पसारवादप्रति तिखो टिप्पणी र आलोचना गर्दै प्रस्ट बोल्ने नीरा ग्रेटर नेपालको अभियानमा सामेल हुनुहुन्छ । मुलुकको समसामयिक राजनीतिप्रति ग्रेटर नेपालको कार्यालय आएर समाजसेवी तथा राजनीतिज्ञ नीरा रञ्जितले हाम्रा संवाददाता गोविन्द विकलाई दिनुभएको संक्षिप्त अन्तर्वार्ता–**

**मुलुकको वर्तमान अवस्थालाई कसरी नियालिरहनुभएको छ ?**

मुलुकको वर्तमान अवस्था अत्यन्तै कहालिलाग्दो र बर्बादीको बाटोतर्फ हिँडिरहेको देखिन्छ । मुलुकमा दुईतिहाई बहुमतको कम्युनिस्ट सरकार विद्यमान भए पनि सरकार जनताको नभएर केही भ्रष्ट व्यक्ति, बलात्कारी, माफिया र कालाबजारीको जस्तो देखिएको छ । इतिहासमै सबैभन्दा ठूलो राष्ट्रियताको संकट मुलुकसामु टड्कारो रुपमा देखिएको छ । सरकार जनताप्रति र राष्ट्रप्रति विल्कुलै उत्तरदायी देखिँदैछ ।

**सरकार जनताप्रति उत्तरदायी नदेखिएका त्यस्ता के प्रमाणहरू रहेका छन् ? सरकार त मुलुकमा राम्रो काम गरेको प्रचार गरिरहेको छ त ?**

सरकार भ्रष्ट र निरंकुश बनेका प्रमाण दर्जनौं प्रस्तुत गर्न सकिन्छ । वाइडबडी जहाज खरिदमा भएको ६ अर्ब भ्रष्टाचारको सरकारले कुनै जवाफ दिन सकेको छैन । एनसेलमा अर्बौं घोटाला भएको छ । मेलम्चीको ठेकेदारलाई कमिसनको लागि भगाइएको छ । जनतालाई करको बोझले थिचेर नेताहरु मस्ती गरिरहेका छन् । दुर्गमका जनता सिटामोल र जीवनजल नपाएर मरेका छन नेतालाई राष्ट्रिय ढिकुटीको करोडौं सकेर विदेश उपचारमा धाइरहेका छन् । महँगी जनताले धान्न नसक्ने अवस्थामा पुगेको छ । करको बोझले जनता थिचिएका छन् । युवा शक्तिलाई विदेशमा बिक्री गरेर आएको पैसाले अब सरकार टिक्नेवाला छैन । यो भ्रष्ट र गैरजिम्मेवार सरकारलाई जनताले एक दिन लखेटेर छोड्ने छन् ।

**तपाईं त्यसो भन्नुहुन्छ दुईतिहाई भोट दिएर विजयी गराउने तिनै जनता होइनन् र कसरी लखेट्लान आफ्नै सरकारलाई ?**

अस्ति भर्खरै देख्नुभएन, सरकारले जनताको परम्परा र संस्कृति मास्ने गरी गुठी विधेयक ल्याएर गुठीको जग्गा भूमाफियाको हातमा पुऱ्याउने षड्यन्त्र गर्दा काठमाडौंबासी जनता एकजुट भएर सडकमा उत्रिएको । बालुवाटार ललिता निवासको १३५ रोपनी जग्गा खाने हिस्सेदार त सत्ताधारी पार्टीकै महासचिव रहेछन् । हवाईजहाजको कमिसनमा कांग्रेसका ठूला नेता समेत जोडिएपछि प्रतिपक्ष समेत तैं चुप मै चुपको अवस्थामा पुगेका छन् । मुलुकमा हत्या हिंसा मच्चाइरहेका छन् । निर्मला पन्तको बलात्कार र हत्या भएको १ वर्ष बितिसक्दा पनि न्याय दिन सकेको छैन । त्यसैले अत्याचार बढ्दै गएमा जनता फेरि एक जुट भएर सडकमा आउन बाध्य हुने छन् । त्यतिबेला जनताको शक्तिलाई यो भ्रष्ट सरकारले रोक्न सक्दैन ।




## नीरा रञ्जित

राष्ट्रवादी नेतृ

**बालुवाटार ललिता निवासको १३५ रोपनी जग्गा खाने हिस्सेदार त सत्ताधारी पार्टीकै महासचिव रहेछन् । हवाईजहाजको कमिसनमा कांग्रेसका ठूला नेता समेत जोडिएपछि प्रतिपक्ष समेत तैं चुप मै चुपको अवस्थामा पुगेका छन् ।**

**राष्ट्रियताको सवालमा तपाईंको दृष्टिकोण के रहेको छ ?**

कुनै पनि मुलुक र जनताको लागि राष्ट्रियता प्राणभन्दा प्यारो हुन्छ । भनाइ नै छ जन्म दिने आमा र जन्मभूमि प्राणभन्दा प्यारो हुन्छ भन्ने । हो तिनै नेपाल आमामाथि आज विदेशी हस्तक्षेप चौतर्फी बढेको छ । नेपालको सिमाना सुगौली सन्धिपछि टिस्टा-काँगडाबाट खुम्चिएर मेचीकालीमा सीमित बनेको थियो । आज मेचीकालीमा खुम्चिएको नेपाल पनि भारतले पश्चिममा कालापानीदेखि पूर्वमा इलामको मानेभन्ज्याङसम्म अतिक्रमण गरेको छ । कालापानीमा भारतीय सैनिक क्याम्प राखेको छ भने सुस्ता, महेशपुरमा पनि अतिक्रमण गरेको छ । कञ्चनपुरमा गरेको अतिक्रमणको विरोधमा उत्रिँदा भारतीय सुरक्षाफौजको गोली लागी गोविन्द गौतमले ज्यान गुमाउनु पऱ्यो । सप्तरीको तिलाठीमा भारतीयको ज्यादतीको विरोध गर्दा देवनारायण यादव लगायतका दर्जन व्यक्ति कुटिएका छन् । पछिल्लो चरणमा अतिक्रमणमा परेको लिपुलेकबारे सरकार बोलेको छैन । भारतले नेपाली सीमामा अवैध ढंगले बाँध बाँधेर, बाटो बनाएर नेपाली भूमि डुबानमा पारेको छ । यस पटकको बाढीमा मधेसमा ठूलो क्षति हुनुको पछाडि भारतीय अवैध बाँध लगायतका संरचना जिम्मेवार रहेका छन् । नेपालको भूमि अतिक्रमणमा पर्दा नेपाली मारिँदा, लुटिँदा एक शब्द नबोल्ने सरकारले देशको राष्ट्रियताको रक्षा गर्न सक्दैन । राष्ट्रियताको रक्षा नगर्नेलाई सत्तामा टाँसिएर बस्ने अधिकार पनि छैन ।

**दुईतिहाईको म्यान्डेट प्राप्त गरेको सरकारलाई सत्तामा बस्ने अधिकार छैन भन्नुहुन्छ अब को आएर शासन गर्दा राम्रो हुन्छ त ?**

यो देशको परम्परा, धर्म संस्कृति, राष्ट्रियताको रक्षा गर्न नेताहरु असफल भएका छन् । विभिन्न खाले नेताहरु सत्तामा आए पनि आफ्नो स्वार्थभन्दा माथि उठ्न सकेनन् । देशलाई कंगाल र बर्बाद पारेर आफू मोटाउने काम गरे । मुलुकमा मिलेर बसेका जातजातिलाई भड्काउने काम गरे । त्यसैले राष्ट्रियताको रक्षा र सुदृढ राष्ट्रिय एकताको लागि पहिला षड्यन्त्रपूर्वक ढंगले हटाइएको राजसंस्थालाई फेरि पुनःस्थापना गर्नुपर्ने खाँचोको महसुस हुन थालेको छ । यसको लागि जनताले आवाज उठाइरहेका छन् ।

**यो त बहुत सजिलो कुरा गर्नुभयो ? लाखौं जनता सडकमा उत्रिएर जनआन्दोलनको बलले विस्थापित राजतन्त्र फेरि सजिलै ब्युँझन सम्भव छ र ?**

असम्भव भन्ने कुनै कुरा छैन । भोलि लाखौं जनता फेरि राष्ट्रियताको पक्षमा, राजसंस्थाको पक्षमा सडकमा उत्रिए भने भ्रष्ट नेताहरुले लुक्ने ठाउँसम्म पनि पाउने छैनन् । यसका लागि सम्पूर्ण छरिएर रहेका राष्ट्रवादी शक्तिहरु एक बन्न आवश्यक छ ।

**तपाईंलाई राजावादी भन्छन्, राजाले त कहिले पनि ग्रेटर नेपाल माग गरेनन् अनि तपाईंचाहिँ राजतन्त्रवादी भएर पनि किन ग्रेटर नेपाल अभियानमा लाग्नुभयो ?**

राजा लागुन् नलागुन् नेपाली जनता सार्वभौमसत्ता सम्पन्न भएकाले ग्रेटर नेपाल माग्ने अधिकार हामी नेपाली जनतामा निहित छ । त्यसैले म यो अभियानमा लागेको हुँ ।

## बोरिसलाई ब्रेक्जिटको सकस



बेलायतका नवनिर्वाचित प्रधानमन्त्री बोरिस जोन्सनले आगामी अक्टोबर ३१ भित्र कुनै पनि हालतमा युरोपियन युनियन (ईयू) बाट बेलायतको बहिर्गमन (ब्रेक्जिट) हुने घोषणा गरिसकेका छन्। जोन्सनले बेलायतलाई ईयूबाट बिनासम्झौता (नो डिल) निकाल्ने योजना मुताविक मन्त्रिपरिषद्समेत गठन गरिसकेका छन्।

अर्थमन्त्री साजिद जाभिदले नो डिल तयारीका लागि थप बजेट उपलब्ध गराउने घोषणा गरेका छन् भने बोरिस क्याबिनेटका अन्य मन्त्रीले पनिनो डिलका लागि तयारी भएको बताएपछि बेलायती राजनीति पुनः एकपटकतातेको छ। ब्रेक्जिटका कट्टर समर्थक जोन्सनको नो डिल नीतिले ईयूसँग गहिरो मतभेद हुने आंकलन विश्लेषकहरूको छ। ईयूले निवर्तमान प्रधानमन्त्री टेरेजा मे सरकारसँगको बहिर्गमन सम्झौतामा पुनर्विचार गर्न नसकिने भन्दै आफ्नो अडान कायमै राखेपछि जोन्सन नो डिलका पक्षमा आक्रामक देखिएका छन्।

जोन्सनको ब्रेक्जिट नीतिप्रति सत्तारूढ दल कन्जरभेटिभभित्र पनि चर्को विवाद छ। प्रमुख प्रतिपक्षी र अन्य पार्टीहरूले 'नो डिल' को समर्थन नगर्ने बताइसकेका छन्। निवर्तमान अर्थमन्त्री फिलिप ह्यामन्डले नो डिल रोक्न प्रमुख प्रतिपक्षी लेबर पार्टीका वार्ताकार केइर स्टार्मरसँग परामर्श गरेका छन्। बहुसंख्यक व्यवसायीले बेलायत ईयूसँग बिनासम्झौता बहिर्गमन भए व्यापारमा प्रतिकूल असर पर्ने दाबी गर्दै आएका छन्। बैंक अफ इंग्ल्यान्डले नो डिल भए वार्षिक ३० अर्ब पाउन्डभन्दा बढी नोक्सान पर्ने जनाएको छ तर ईयू विरोधीले यी सबै तथ्यांक गलत भएको र ईयू छोडेपछि बेलायत थप शक्तिशाली हुने जिकिर गर्दै आएका छन्।

बेलायतले ईयू नियम मान्नु नपर्ने हुँदा ईयूको भन्सार शुल्क तिर्नुपर्ने हुन्छ। आयातीत सामानको मूल्य बढ्नुका साथै केही बेलायती सामानहरूको नयाँ दर्ता प्रक्रिया जरुरी हुने छ। ईयूबाट ल्याउनुपर्ने कच्चा पदार्थ तथा पार्टपुर्जा समस्याले गर्दा केही उद्योगहरू ईयूमा स्थानान्तरण हुने सम्भावना प्रबल रहने छ। नो डिलले गर्दा ईयू तथा बेलायतभित्र नागरिकको स्वतन्त्र आवतजावत बन्द हुन्छ। यसका लागि नयाँ नियम आवश्यक पर्छ। ईयूको बजेटमा वार्षिक रूपमा बेलायतले गर्ने १३ अर्ब पाउन्डको योगदान हट्ने छ। यसका साथै ईयूबाट पाउने सहुलियत पनि रद्द हुने छ। बेलायतको सिमाना (ल्यान्ड बोर्डर) उत्तरी आयरल्यान्डसँग जोडिएकाले सन् १९९८ को शान्ति सम्झौताअनुरूप आइरिस रिपब्लिकसँगको सीमा खुला राख्नुपर्ने छ। यसलाई सम्बोधन गर्न त्यति सहज छैन।

प्रधानमन्त्री जोन्सनले नो डिलको चर्को वकालत गरेर ईयूलाई सम्झौताका लागि बाध्य पार्ने रणनीति लिएका भन्ने केहीको आंकलन छ। सन् २०१८ को तथ्यांकअनुसार बेलायतले ईयूमा २ सय ८९ अर्ब पाउन्डको सामान निर्यात र ३ सय ४५ अर्ब पाउन्ड बराबरको सामान आयात गरेको छ। जुन बेलायतको कुल व्यापारको ४६ प्रतिशत निर्यात र ५४ प्रतिशत आयात हुन आउँछ। जर्मन कार व्यापारका लागि बेलायत सबैभन्दा ठूलो बजार हो। जर्मनीले मात्र करिब ७५ अर्ब पाउन्ड बराबरको सामान बेलायतमा निर्यात गर्छ भने ४९ अर्ब पाउन्ड बेलायतबाट जर्मनी भित्रन्छ। यसले गर्दा ईयूलाई पनि नो डिलले व्यापारमा घाटा हुने र बेलायतसँग सम्झौताका लागि राजी हुन सक्छ भन्ने प्रधानमन्त्री जोन्सनको ठम्याइ रहेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग जोन्सनको निकट सम्बन्धले ब्रेक्जिट मुद्दा सामना गर्न बेलायतलाई बल पुग्ने विश्वाससमेत गरिएको छ। बेलायतको आवश्यकताअनुरूप अरू देशसँग व्यापार सम्झौता गर्न सकिने कुराले पनि बेलायती प्रधानमन्त्रीमा आत्मविश्वास बढेको देखिन्छ। बेलायती संसद्मा नो डिलका लागि बहुमत नभए प्रधानमन्त्रीको ब्रेक्जिट नीति कुन रूपमा अगाडि जान्छ, निश्चित भने छैन। प्रधानमन्त्री जोन्सनले संसदमा अविश्वासको प्रस्ताव सामना गर्नुपर्ने पनि हुन सक्छ। जोन्सनले बेलायती संसद विघटन गरी ब्रेक्जिट नीति पारित गराइछाड्ने सम्भावना पनि छ। यसो भए सरकारविरुद्ध अदालत जाने चेतावनी उनकै पार्टीका पूर्वप्रधानमन्त्री जोन मेजरले दिएका छन्। संसद्को बढदो अस्थिरता मध्यनजर गरी नोभेम्बरमा आमचुनाव घोषणा गर्न सक्ने आंकलन पनि बेलायती राजनीतिक वृत्तमा सुरु भएको छ। त्यसो भए आधुनिक राजनीतिक इतिहासमा जोन्सन सबैभन्दा कम समय प्रधानमन्त्रीको कुर्सीमा रहने छन्।

*(एजेन्सीहरुको सहयोगमा)*

# Phoksundo Lake



***Phoksuṇḍo*** **is an alpine fresh water's lake it is located at an elevation of 3,611.5 m (11,849 ft) above sea level in the Dolpa district of Nepal. Phoksundo Lake is 494 ha (1.91 sq mi) in size with a water volume of 409,000,000 $m^3$ ($1.44 \times 10^{10}$ cu ft) and a discharge of 3.715 $m^3/s$ (131.2 cu ft/s), In 2004, a survey by the Department of Hydrology and Meteorology measured the maximum depth of the lake at 145 m (476 ft)**

**In September 2007, Phoksundo Lake has been designated a Ramsar site. On the lake' southern end, the village of Ringmo sits on the 30,000- to 40,000-year-old landslide dam that formed the lake Past the dam, the waters of the lake plunge over a 167 m (548 ft) tall waterfall.**

**Religious significance**

**There are more than 20 Stupas in the southern belt, and one Gompa in the eastern side of the lake, where annual prayers and worship are carried out. Traditional Tibetan culture prevails in upper Dolpo and Bon are prevalent in lower Dolpo, including Ringmo village.**

**The 11-day trip starts with your arrival in Tribhuvan International Airport, Kathmandu. The trip to Phoksundo Lake continues next day with a flight to Nepalgunj which lies in the lowland of western Terai, just 8 km away from Indian Border. After a brief stay in Nepalgunj, we fly to Juphal, the starting point of our trek to Phoksundo Lake. The trekking trail ascends and descends through a densely forested path filled with oaks, pines, and fir trees with a view of several waterfalls along the way. The route also passes through several picturesque traditional villages like Dunai, Chhepka, Jharana Hotel, and Shyanta. The trekkers also come across the view of a magnificent 330m high waterfall. The area is also equally rich in wildlife which gives trekkers an opportunity to get sight of some endangered species like musk deer, snow leopard, blue sheep, Tibetan sheep, Himalayan tahr, and so on. A short stay at the mesmerizing Phoksundo Lake is bound to make you feel calm and peaceful as you relish the beauty of the lake along with the view of Kanjirowa Himal (6612m) accompanied by a visit to the various monasteries surrounding the lake.**

visit nepal 2020 Lifetime Experiences


**बालबालिकामाथि हिंसा, दुर्व्यवहार भएको घटना लुकाउनु भनेको बालबालिकालाई अझ बढी जोखिममा पार्नु हो । तुरून्त उजुरी गरौं । बालबालिकाको संरक्षण गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

प्रेरक

## सचिनको अभ्यास



सचिन तेन्दुलकर विश्व क्रिकेटका महानतम सफल हस्ती हुन् भन्नेमा विमति छैन । तर, उनको सफलताका पछाडि उनको प्रतिभा, लगन र कडा मिहिनेतको जति हात छ, उनका गुरू रमाकान्त आचरेकरको हात त्योभन्दा कम छैन । आचरेकर सचिनलाई सुन बनाउन चाहन्थे । उनी कठिन अभ्यासको भट्टीमा सेकीसेकी उनलाई चम्काउन चाहन्थे ।

हरेक दिन सचिनलाई गुरू आचरेकरले कठिन अभ्यास गराउँथे । अभ्यासका क्रममा जब सचिन थकाइले चुर हुन्थे, तब उनी स्टम्पमाथि एक रूपैयाँको सिक्का राखिदिन्थे । कुनै बलरले सचिनलाई आउट गरे भने त्यो सिक्का तिनै बलरले पाउँथे । सचिनले त्यो सिक्कालाई झर्नबाट जोगाउन सके भने त्यो सिक्का उनैले पाउँथे । यस्तो सर्तका कारण सिक्का पाउने लोभले गर्दा बलरले पनि सकभर राम्रोसँग बलिङ गरेर सचिनलाई आउट गर्ने कोसिस गर्थे । उता सचिन पनि बलरबाट स्टम्पसँगै सिक्का जोगाएर त्यसलाई आफ्नो बनाउने कोसिस गर्थे । जसले गर्दा उनको ब्याटिङ कला झन्–झन् सुध्रिँदै गयो । सचिन सिक्का राखिएको कुनै पनि स्टम्पलाई ढल्न दिँदैनथे । यसरी सिक्काको लोभले सचिनलाई थप राम्रो गर्ने प्रेरणा दियो । जसले गर्दा उनी गुरू आचरेकरको सपनाअनुसार नै महान् खेलाडी बनेर विश्वभर चम्किए । सचिनले त्यतिखेरको अभ्यासका क्रममा जितेका सिक्का अझै साथमा राखिराखेका छन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ । हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ । अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । आवेशको व्यवहार र सानो असमझदारीले आफन्तजन टाढिन सक्छन् । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

### बृष

अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ । कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन् ।

### मिथुन

आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति रहनेछ । अस्वस्थताका बाबजुद जिम्मेवारी थपिनेछन् । अरूका काममा समय बित्न सक्छ । काम बीचैमा रोकिनाले दोहोर्याउनुपर्ने स्थिति आउला । आशा देखाउनेहरूले धोका दिनेछन् । प्रयत्न गर्दा केही काम बन्नेछन् । अरूलाई फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । अध्ययनतर्फ लक्ष्य पूरा नहुन सक्छ ।

### कर्कट

रमाइलो दिन छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । तर खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्नेछन् । अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन् । हतारिएर काम गर्दा बिग्रन सक्छ । यात्रामा कठिनाइ आउन सक्छ ।

### सिंह

आकस्मिक खर्च बढ्नेछ भने आम्दानी कम हुनेछ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला । टाढाको यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ । छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला । सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ ।

### कन्या

दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । दिगो फाइदा हुने काम प्रारम्भ होला । साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ ।

### तुला

नयाँ कामले नाम र दाम दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । व्यवसायमा सोचेको प्रगति हुनेछ । कर्मयोगले मानसम्मान समेत दिलाउनेछ ।

### बृश्चिक

परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ । आंशिक फाइदा भए पनि काम पूरा गर्न समय लाग्नेछ । अरूका लागि केही रकम र बुद्धिसमेत खर्चनुपर्ला । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् । बाध्यात्मक परिस्थितिले अलमल्याए पनि प्रयत्न गर्दा आंशिक फाइदा हुनेछ । तर अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ । साथी तथा आफन्तजनको राम्रै सहयोग मिल्ला ।

### धनु

परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ । अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ । चिताएको काम बिग्रनाले निराशा छाउनेछ । गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ । फजुल खर्च बढ्ने र लेनदेनमा पनि नोक्सान पुग्ने देखिन्छ ।

### मकर

घुमफिर तथा मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन निकै रमाइलो र उत्साहवर्द्धक रहनेछ । परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ । नयाँ परिवेशमा पुगिए पनि नयाँ साथीभाइ भेटिनेछन् । प्रेमको बन्धन कसिनेछ । साथीभाइ र सहयोगीहरूले साथ दिनेछन् । पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । भौतिक सुविधा जुटाउन सकिनेछ ।

### कुम्भ

चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ । ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ । मिहिनेतले काममा सफलता दिलाउनेछ । समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ । प्रतिस्पर्धाको दौडमा समेत जित हासिल हुनेछ ।

### मीन

कामको मेसो नमिल्दा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला । स्वास्थ्य कमजोर रहनाले अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ । समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला । सम्भावना देखिए पनि उपलब्धि हात पार्न धेरै श्रम गर्नुपर्ला । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ । काम गर्दा होसियारी अपनाउनु नै श्रेयष्कर हुनेछ । विदेशबाट राम्रै आम्दानीको योग छ ।

h) Visited nearly three-dozen countries of Asia, Europe, Africa, Australia, North America and South America in relation to various high-level meetings, workshops, seminars, conferences, and training programs in international/ regional cooperation agencies like WB group, UNDESA, Rio+20, UNDP, UNICEF, UNFCCC, UNFF, UNEP, UNCBD including its COP 10, World Forestry Congress 2010, World Conservation Forum, UNESCAP, BIMSTEC, SAARC, ICIMOD, Commonwealth and the Colombo Plan in matters of socio-economic development, poverty alleviation, environmental conservation and sustainable development.

i) Over three dozen research, policy and issue papers written covering Development Planning and Management, Public Financial Management, Environmental Management, Decentralization and Local Governance, Gender and Development, Human Resources Management, Administrative Reforms published from Nepal and abroad. I continued writing journal articles, among them followings are major publications:

i. *Meeting Management: Small Matter, Big Concern* in Prashasan, April 2015, Ministry of General Administration, Kathmandu, Nepal.
ii. *Nepal's Graduation Strategy from LDC to DC: An Appraisal* in Nepal-German Academic Association NEGAAS, the Souvenir (25 Years of NEGAAS), December 2014, Kathmandu.
iii. *Challenges to Secure Convergence between Ecology and Economy in Nepal* in Nepal-German Academic Association Souvenir July 2011, NEGAAS, Kathmandu.
iv. *Land Bank as an Instrument for Poverty Reduction in Nepal* in CAMAD (Centre for Administration, Management and Development) Vol.9, No.2, Issue 18, October 2006, Kathmandu.
v. *Poverty Reduction Efforts in the Socio-economic Development Process of Nepal* in The Economic Journal of Nepal, Vol. 27, No. 3, July-September 2004, Issue No. 107, Central Department of Economics, Kirtipur Campus, Kathmandu.
vi. *Institutional Expansion and Decentralization Efforts in Nepal: Retrospect and Prospects* in Sahabhagita (A Quarterly Journal on Decentralization and Development), Vol. 5, No. 1-2, July 2002, Local Development Training Academy, Nepal.
vii. *Thailand's disappearing forests: the challenge to tropical forest conservation* in International Journal of Environment and Pollution, Vol. 9, Nos. 2/3, 1998, pp. 198-212. (Co-authorship with Prof. Dr. Karl E. Weber and Dr. Gopal B. Thapa).
viii. *The Myth of Women Empowerment in Nepal* in Ishiki (A bimonthly magazine dedicated to international understanding, cooperation and peace), Vol. 1 No. 2 January, 1999, Global Society, Hiroshima University, IDEC, Japan.
ix. *The Maze of Situation Analysis in Development Planning* in the Prasashan 80th Issue, February 1998, Ministry of General Administration, Lalitpur, Nepal.
x. *Altering the Methodological Blueprint of Development Planning* in Swashasan (A Journal of Self-governance and Rural Development), Year 2, Vol. 5, November 1997, Ministry of Local Development, Lalitpur.
xi. *... And Justice for All Including the Women* in the Across, No. 2, Vol. 5, Aug-Oct 1997, Kathmandu, Nepal.
xii. *Rural Poverty Alleviation in Nepal: An Appraisal,* in Vikas (A Journal of People, Environment and Development), Vol. 17, No. 1, June 1997, National Planning Commission Secretariat, Kathmandu.

**Prizes/ Awards**

a) *Suprabal Janasewashri* medal decorated by Rt. Hon'ble President of Nepal in recognition of the outstanding public sector service, 2015.
b) *Mahendravidhyabhushan* (gold medal) for the most outstanding academic performance in M. Sc. from Asian Institute of Technology, Thailand, 1997.
c) Two grade-increments for the excellent performance awarded by the Ministry of Local Development, 1989.
d) Topper-student stipend 1975-1979 from Prithvi Narayan Campus, Nepal.

**Letters of Appreciation/Excellent Performance Awards received from**

a) Jamie McGoldrick, UN Resident Coordinator, Nepal 2014.
b) Dr. Gail Marzetti, Head of Office DfID, Nepal 2014.
c) Mrs. Marine Bassereau, French Ambassador to Nepal 2014.
d) Mr. Ranjit Rae, Indian Ambassador to Nepal 2014.
e) Mr. Mustafa Aria, Project Manager, Making Budget and Aid Works Project UNDP/ MOF, Government of Islamic Republic of Afghanistan, Kabul 2007-2008.
f) Ms. Ryoko Kamatsu, Team Leader, JAT for NTP 1994.
g) Ms. Kathleen Ertur, Democracy Program Manager, USAID, 1993.

**Contact details :** 875/25 Gaurishanker Marg, Kuleshwore Residential Area, Kuleshwore, GPO Box No. 8304, 44600 Kathmandu, **Telephone** : +977 1 4280 666, Cell: +977 98510 15037, **Email:** yrbhusal@gmail.com, yrbhusal@hotmail.com

(Endnotes)

1 Represented inter alia the following organizations at different capacities:

i. Board Member, Nepal Rastra Bank (Central Bank of) Nepal 2014.
ii. Alternative Governor, Asian Development Bank, Manila 2014.
iii. Alternative Governor, World Bank, Washington D.C, 2014.
iv. Member, National Resource Committee, National Planning Commission, Nepal 2011-14.
v. Member, United Nations Development Assistance Framework, UNDAF (2013-17) Steering Committee, 2011-12.
vi. Member, Medium Term Expenditure Framework (MTEF) Steering Committee, 2011-14.
vii. Member, National Budget Preparation Committee, 2011-14.
viii. Member, Administrative Reforms Recommendation Committee, Nepal 2013-14.
ix. Member, Central Monitoring and Evaluation Committee, Nepal 2011-14.
x. Chairperson, Forest Resource Assessment Project, Government of Nepal and FINNIDA, 2009-11.
xi. Member-Secretary, Administrative Restructuring Commission, Nepal 2008-09.
xii. Project Coordinator, Governance Reform and Decentralization Cluster Program, GON and ADB/Manila 2006-07.
xiii. Member-Secretary, Public Expenditure Review Commission, 2000-01.
xiv. Member, Pay Commission, Nepal 1999.
xv. Coordinator, Efficiency Unit for Governance Reform Program, HMG/ Nepal and ADB/Manila, 2001.
xvi. Project Coordinator, Budgetary Systems Reform, HMG/ Nepal and DfID/ UK, 1998-2001.
xvii. Member, University Grants Commission, Nepal 1998-2001.
xviii. Board Member, Women Awareness (Income generating) Program, 1999-2001.
xix. Member, Local Development Fund Management Committee, 1998-2001.
xx. Member-Secretary, Kohalpur Town Development Committee, 1987-1990.
xxi. Worked with the elected political officials as Ex-Officio Secretary of the District Development Committee (DDC), the Local Bodies from 1986 to 1994.

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Gadfly = अर्काको चित्त दुखाउने मानिस He is a gadfly and irritates everyone (उ एउटा टोक्ने झिंगा जस्तो छ जस्को पनि चित्त दुखाउछ )

Hackneyed = उस्तै लाग्दो वस्तु Mostly the indian movies are made of hackneyed plots (भारतिय सिनेमाहरू उस्तैलाग्दो एकै किसिमका घटनाक्रमबाट वनेका हुन्छन)

Ignoble = मर्यादामा आघात पार्ने A national level person should not do such an ignoble deed (एक राष्ट्यिस्तरको ब्यक्तिले आफ्नो मर्यादामा आघात पार्ने यस्तो काम गर्नु हुदैन )

Jaded = अमन भएको वा रूचि नहुने स्थिति For jaded appetite, one has to try exotic foods (रूचि नभएको वेला सधै खाने भन्दा अर्कै किसिमको मिठो खाना खाएमा भोक जाग्न सक्तछ)

Kindle = उत्प्रेरणा दिनु His poetry always kindles a spark of hope towards life उस्को कविताहरूले जिन्दगी प्रति आशावादी वनाउन उत्प्रेरणा दिलाउछ ।

Lachrymose = रुवाइदिने वा वेदनायुक्त स्वर Her voice has a lachrymose quality and suits more at a funeral ceremony (उन्को स्वर वेदनायुक्त छ र समवेदना ब्यक्त गर्ने समारोहको लागि उपयुक्त हुन्छ )

Magniloquent = धमण्डि, मै हुं भन्ने किसिम को He is always criticised for his magniloquent speeches ( घमण्डि भाषणको लागि उ सर्वदा आलोचित छ)

Nascent = जन्मदाको, शैशव It is easy to suppress a movement at its nascent stage (कुनै पनि अन्दोलनलाई शैशवकाल वा अवस्थामानै दमन गर्न सजिलो हुन्छ )

Obdurate = अर्काको कुरा नसुन्ने, अडान लिने Being a corrupt politician, he is not obdurate in his principle (एक भ्रष्ट राजनीतिज्ञ भएको कारण उनीमा सैध्दान्तिक अडान छैन )

Paean = भक्तिपूर्ण उल्लासमय संगित Paeans celebrating the victory filled the air (विजयउल्लास मनाउने संगितले वातावरण गुञ्जायमान वनायो)

## Set बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Set something on to = तिर लग्नु The reveolution set the country on to democracy क्रान्तीले देशलाई प्रजातन्त्रतर्फ लग्यो ।

Set in order = ब्यवस्थित गर्नु We have to set the account in order हामीले लेखालाई ब्यवस्थित गर्नु पर्छ ।

Set free = छोडदिनु The hijacker set the passenger free after three hours अपहरणकारीहरुले ३ धण्टापछि यात्रुलाई छाडिदिए ।

Set somebdy doing = वनाउनु Her sight set me beating the heart उन्को हेराइ मेरो मुटु ढुकढुक वनायो ।

Set somebody to = कसैलाई लगाउनु I set him to chop the wood मैले उस्लाई दाउरा चिर्न लगाए ।

Set something on = तैयारीमा राख्नु He set the camera on automatic उस्ले क्यामरालाई अटोमेटिक खिच्ने गरी तयारीमा राख्यो ।

Set something for = गरि मिलाउनु I always set my watch for 4 o'clock म मेरो घडीलाई ४ वजे बज्ने गरी मिलाउछु ।

Set something for = मिलाउनु Can you please set the table for 5 people पांच जनाको लागि टेवल मिलाउन सक्छौ कि ?

## सुडोकु-अंक १६२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | | | ८ | ५ | | | |
| | | | | | | ६ | | |
| ७ | ८ | ३ | | | २ | | | |
| | ९ | १ | ५ | | | | | |
| ३ | | | | | | | | १ |
| | | | | | ६ | ५ | २ | |
| | | | ७ | | | २ | ४ | ३ |
| | | ५ | | | | | | |
| | | | ९ | ६ | | | | ७ |

## अंक १६१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १ | ९ | ३ | ७ | ८ | ४ | ६ | ५ |
| ६ | ४ | ७ | ९ | १ | ५ | ३ | २ | ८ |
| ८ | ३ | ५ | ४ | २ | ६ | ९ | १ | ७ |
| ५ | ७ | ८ | २ | ४ | १ | ६ | ३ | ९ |
| ३ | ९ | ४ | ५ | ६ | ७ | १ | ८ | २ |
| १ | २ | ६ | ८ | ३ | ९ | ७ | ५ | ४ |
| ४ | ८ | २ | १ | ९ | ३ | ५ | ७ | ६ |
| ७ | ५ | १ | ६ | ८ | ४ | २ | ९ | ३ |
| ९ | ६ | ३ | ७ | ५ | २ | ८ | ४ | १ |

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

# शब्दचित्रमा युवराज भूसाल



1. **Family name:** **BHUSAL**
2. **First names:** **YUBA RAJ**
3. **Date of birth:** **May 27, 1957**
4. **Passport holder: Nepal**
5. **Education: Masters level**

**Areas of Expertise: Disaster Management, Governance Reforms, Federalism and Decentralization, Administrative/ Civil Service Reforms, Human Resource Management, Capacity Building, Public Financial Management (Budgeting).**

**Summary of key qualifications:**

*A versatile person with outstanding academic records, extensive professional career with wider experience; proactive and innovative leadership qualities; strong and timely decision maker; convincing managerial, communication, coordination and negotiation skills; exceptionally high and proven integrity; insists on team-spirit to accomplish organizational goals with agreed budget, timelines and benchmarks; educated in the well-reputed academic institutions of Asia and Europe securing outstanding talents and work-performance applauded by high-level national and international dignitaries and the development partners.*

**Education Qualification**

a) Asian Institute of Technology, Bangkok, Thailand (1995-96) : Master of Science (M.Sc.) in Regional Development Planning and Management (graduated with 4/4 'A', Gold Medalist)
b) b) University of Dortmund, Dortmund, Germany (1994-95) : Post Graduate Diploma (graduated with B+) in Spatial Planning and Management.
c) Tribhuvan University (TU), Kathmandu, Nepal (1980-83): Master of Political Science with specialization in Development Administration, (graduated with Merit)
d) Tribhuvan University, Kathmandu, Nepal (1981-84): Bachelor of Laws (graduated with First position, Second division)
e) Tribhuvan University, Kathmandu, Nepal (1984-1985): Bachelor of Arts (graduated in Economics, single subject)
f) Prithvi Narayan Campus, TU, Pokhara, Nepal (1975-79): Bachelor of Arts (graduated in Political Science with Merit)

**Post-qualification Training Courses / Learning activities:**

a) The Indian Institute of Public Admin, New Delhi, India: Management Development Program, from 02/03/2009 to13/03/2009
b) University of Indonesia (CERIC), Jakarta, Workshop on Peace building and Conflict Transformation, from 20/08/2007 to 31/08/2007
c) Nep Administrative Staff College, Lalitpur, Nepal, Senior Executive Development Program, from 21/05/2006 to02/07/2006
d) Nanyang Technological University, Singapore, Economic Development Experience of Singapore, from 18/07/2005 to 29/07/2005
e) Asian Institute of Technology Bangkok, Thailand, Seminar cum Study visit on Poverty Alleviation from 05/12/2004 to 20/12/2004
f) Asian Development Bank Institute, Japan, Policy Conference: Reforming Pension Systems in South Asia, from 23/11/2000 to 25/11/2000
g) Asian Development Bank Institute, Japan, Workshop on Creating A New Architecture for Learning and Development, from 09/08/1999 to 18/08/1999
h) EDI/ WBI and National Institute of Public Finance and Policy, New Delhi, India, Macroeconomic management, from 15/03/1999 to 25/03/1999
i) Ministry of Women and Social Welfare, Nepal, Gender and Development, from 26/08/1997 to 02/09/1997
j) Nepal Administrative Staff College, Lalitpur, Nepal, Planning and Management, from 20/06/1997 to 25/07/1997
k) Local Development Training Academy, Lalitpur, Nepal, Local Level Planning Process, from 15/10/1989 to 17/12/1989
l) Nepal Administrative Staff College, Lalitpur, Nepal, Development Administration, from 28/01/1986 to 09/02/1986
m) Public Service Commission, Kathmandu, Nepal, Personnel Administration, from 21/11/1985 to 30/12/1986

6. **Language skills :** English, Hindi, Urdu, German, Japanese, Dari/Persian
7. **Member of professional bodies:**

a) SPRING Int'l Association of Development Planners).
b) Spatial Planning for Regions in Growing Economies (SPRING), Nepal Chapter.
c) Asian Institute of Technology Alumni Association, AITAA).
d) Asian Institute of Technology, Alumni Association, Nepal.
e) Nepal German Academic Association, NEGAAS).
f) German Alumni Association of Nepal, GAAN (Founder President 2013-15).
f) Japan International Cooperation Agency (JICA) Alumni Association of Nepal, JAAN).
g) Lfie-Member of Pro-public, Nepal.

8. **Other skills:** (e.g. computer skills)

a) Full knowledge of MS Office (Word, Excel, Power Point), Micrographics, SPSS for Windows, Internet, email;
b) Driving license (for light vehicles).
c) Other skills include: ability to work under pressure, independently and with limited supervision; ability to solve problems efficiently; demonstrates integrity, excellence, stewardship and collaborative abilities; self-motivated, maintains a high-level of energy; displays trustworthiness, honesty, confidentiality and enjoys to work in team settings; tolerant and flexible; willingness to work and live also in a remote setting with very basic facilities; holds positive attitude; empathetic, flexible, creative and a good sense of humor.

9. **Presently** working as freelance socio-economic development consultant.
10. **Immediate past position:** Chief Executive Officer (Cabinet Minister-rank), National Reconstruction Authority of Nepal (www.nra.gov.np) (October 24, 2017 to July 08, 2018.
11. Senior Director of Studies at the Nepal Administrative Staff College (NASC), Lalitpur, Nepal (http://www.nasc.org.np/department-center/governance-and-development-management-learning-group)

**Years with the firm:** From July 25, 2014 to April 11, 2016.

12. **Key qualifications (with summary of foremost performance):**

Held over three-decades of wider experience ranging from local, national & international level; key qualifications include:

- Led, managed and coordinated multinational diverse stakeholders (local, provincial, national and international as well as civil, police, army, and teaching professionals) for the post-earthquake reconstruction process in Nepal. Main areas of work included reconstruction of private houses including translocation of vulnerable settlements, reconstruction of government/ public buildings, educational institutions, hospitals/ health posts, (world) heritage sites, roads, irrigation and drinking water schemes devastated by the earthquake of April 25, 2015 followed by several aftershocks garnering financial, human, material, technical and other supports as needed. Eventually, the progress of reconstruction took sharp increase from November 2017 to July 2018 (for details visit: www.nra.gov.np or https://ehrpnepal.info/moud/combined-chart)
- Proactively involved in the task of capacity building/ development on organizational leadership, managerial skills, communication and negotiation skills, strategic planning, program/project management, disaster risk reduction/ management for the public-sector officers (civil, army, police and from public enterprises) of Nepal at the Nepal Administrative Staff College (2014-2016).
- Performed high-level tasks particularly in areas of Public Financial Management, Programme and Resource Management, Administrative Reforms, Civil Service Reforms, Development Planning and Management, Poverty Reduction, Rural Development, Disaster Risk Reduction/ Management while working as the Finance Secretary (2014); Member-Secretary of National Planning Commission (2011-14); Forest Secretary (2009-11); Member-Secretary of Administration Restructuring Commission (2008-09); Acting Secretary of the Ministry of Land Reforms and Management (2005-06); Member-Secretary of Public Expenditure Reform Commission (2000-01) and Joint Secretary in different Ministries including the Ministry of Finance and the Office of the Prime Minister and Council of Ministers in addition to other extensive and intensive works in other positions and duty stations with the Government of Nepal (1997-2014).
- Managed, led and coordinated the overall socio-economic development programs including natural disaster management at the district level (1986-1994);
- Maintained budget-forecast accuracy as a Local Development Officer at the districts seconded (1986-94) and at the national level as well (1998-2001 and 2011-14).
- Led a multi-stakeholder team in finalizing the United Nations Development Framework for Nepal (2013-17).
- Initiated the climate change budget code in Nepal that won Global South-South Development, GSSD Expo 2013 award at Nairobi, Kenya (2012-13).
- Co-ordinated the formulation and implementation process of the 12th Plan (2010-13) and the 13th Plan (2013-16) of Nepal meant for her overall socio-economic development that remarkably helped *inter alia* to reduce the absolute poverty level of the country.



- Proactively participated in the process of policy/program design/ formulation, implementation, monitoring, review and evaluation (1986-2014).
- Represented the parent organization to different Commissions, Committees, Trust/ Funds and Boards as a Chair or Member (1990-2014).
- Rendered service as an Expert while selecting the Chief Executive Officers of Agriculture Development Bank of Nepal and Drinking Water Corporation of Nepal (2014-15).
- Proactively worked with the multiple stakeholders (public sector, local bodies, private sector, civil society organizations, people's cooperatives and the development partners) at different duty stations (1986-2014).
- Instigated forest resource assessment of Nepal (2009-2011), that showed the increment of Nepal's forest cover to 45 percent from the erstwhile 39.6 percent.
- Rendered apt advisory service to the Ministry of Finance, Government of Afghanistan as the Int'l Provincial Budgeting Advisor (2007-08) supporting rational, fair and wise allocation of resources across her provinces.
- Initiated the concept of Land Banking in Nepal for better utilizing the land resources (2005-06) across the country.
- Developed standard operating procedures (SOP) for the Office of the Prime Minister and Council of Ministers of Nepal for better quality performance and reliability (2004-05).
- Fully managed and coordinated the local level socio-economic development process in different ecological regions of Nepal in a decentralized setting (1986-94).

13. **Specific experience in the region**

a) **Nepal**:

**I)** Section Officer (Class III Officer),May 1980-Dec. 86
**II)** Local Development Officer (Class II Officer), Dec. 1986-Oct. 97
**III)** Joint Secretary (Class I Officer), Oct 1997- July 2009
**IV)** Secretary (Special Class Officer), July 2009-July 2014
**V)** Senior Director of Studies (Academic), July 2014 to Apr 2016
**VI)** Chief Executive Officer (CEO), National Reconstruction Authority of Nepal, Oct 2017 to Jul 2018
**VII)** Socioeconomic Development Consultant, July 2018 to date

**b) India**:

**I)** Nepalese Consul General, July 2001-04

**c) Afghanistan**:

I) Provincial Budgeting Advisor. Sept 2007 to Sept 2008

**d) Germany and Thailand : Student,** Aug 1994 to Sept 1996

14. **Professional experience**

**Chief Executive Officer** (Ranked equal to the Cabinet Minister)Oct, 2017 to Jul 2018, National Reconstruction Authority, Singhdurbar, Kathmandu, Nepal,

Duties:

1. Lead, manage, coordinate, monitor the entire post- earthquake reconstruction process of Nepal (high level government officials and agencies, development partners, private sector agencies, the civil society organisations and the beneficiaries/ victims);
2. Develop Local-level institutional mechanisms including working procedures to achieve set objectives and targets;
3. Ensure resource (financial, human, material, technological) flows for making local level work progress including the payments to the beneficiaries and the staff-members involved in it.

**Senior Director of Studies,** Nepal Administrative Staff College, Lalitpur, Nepal

Duties:

Conduct/coordinate capacity building programmes for the public-sector officers of Nepal (civil, army, police and public enterprises); research in public administration, service delivery; impart training on development planning, disaster risk reduction/ management, integrity & ethics, leadership, human resource management, strategic planning, good governance, development management, public financial management/ budgeting and public policy

**Finance Secretary**, Ministry of Finance,

Duties:

Nepal's annual budget formulation and execution; Bilateral and multilateral development cooperation; Medium-term expenditure framework (MTEF); Public financial management; Resource (financial, human, institutional, natural, technological) management; Public enterprises management; Regulation of banking and financial institutions; Revenue administration;

**Member-secretary**, National Planning Commission,

Duties:

Annual and period plan/ program formulation and coordination of overall socio-economic development process (proactively involved and coordinated the formulation the 12th and 13th socio-economic development plans); Resource (financial, human, institutional, natural, technological) management; Public administration reforms

**Secretary,** Ministry of Forests and Soil Conservation,

Duties:

Bio-diversity conservation; Climate change and REDD+; Donor relations; Forest management; Resource (financial, human, institutional, natural, technological) management; Disaster risk reduction/management, and Climate risk management (DRM/CRM)

**Member-Secretary,** Administrative Restructuring Commission

Duties

Restructuring of the state and its administration in line with the changed context of political transformation from unitary and monarchial to a federal republican set up 2006; Public service delivery; Public administration/ Civil service reforms.

**Int'l Provincial Budgeting Advisor,** (UNDP), Ministry of Finance, Islamic Republic of Afghanistan, Kabul

Duties:

Advising on program/ provincial budgeting system in a fair, transparent and judicious manner across the 34 provinces; Capacity building of the Provincial Directors and other Officials at the Budget Department of the Ministry of Finance; Conducting Trainers Training on budgeting; and Public financial management.

**Acting Secretary,** Ministry of Land Reforms and Management, Nepal

Duties:

Administration of land resources; Land reforms by land banking, Human resource management etc.

**Joint Secretary,** Office of the Prime Minister and Council of Ministers, Nepal

Duties:

Public administration reforms; Coordination, monitoring of Plans; Human resource management; Decentralization cluster program supported by ADB/Manila; External relations; Public service delivery; PM's Relief Fund; Development and implementation of the citizen charter in public sector offices; Spokesperson of the PMO

**Consul General,** Royal Nepalese Consulate General, Kolkata, West-Bengal India

Duties:

Diplomatic/ consular functions; Issues related to trade/ transit/ commerce/ investments; Bilateral relations; Human resource management etc.

**Joint Secretary,** Ministry of Finance, Nepal

Duties:

Inter-sectoral program coordination; Allocation of financial resources; Public financial management; Pay Commission 1999; Member-Secretary, Public Expenditure Review Commission, 2000.

**Joint Secretary,** Ministry of General Administration,Nepal

Duties:

Civil service reforms, Human resource management

**Under-Secretary,** Ministry of Women, Children and Social Welfare, Nepal

Duties:

Program design, project planning, monitoring and evaluation; Conducting gender mainstreaming training; Management of elderly homes; Implementation of CEDAW and CRC.

**Under-Secretary,** Ministry of Local Development, Nepal

Duties:

Decentralization; Rural/urban development; Donor coordination; Human resource management

**Local Development Officer and Member-Secretary** of the District Development Committees (DDCs,) Kapilvastu, Banke, Pyuthan, Gorkha and Nawalparasi districts of Nepal

Duties:

Resource (human, institutional, financial, material, natural) management; Natural disaster management; Program design/ formulation, implementation, monitoring; work with the elected political officials; and organize periodic progress review meetings; supervision and coordination of the works of line agencies.

**15.Other relevant experience (e.g. Publications):**

a) Led, managed, coordinated the local, provincial, national and international stakeholders in the process of post-earthquake reconstruction in Nepal as the Chief Executive Officer of the National Reconstruction Authority (2017-18).
b) Conducted research and capacity building/development trainings to diverse officials from Nepal and abroad at the Nepal Administrative Staff College as the Senior Director of Studies (2014-16).
c) Intensively involved in the processes of MDGs, SDGs, SAARC development goals and the Istanbul Program of Action on LDC graduation in regional and national context (UNESCAP, SAARC, BIMSTEC and Nepal).
d) Involved in the process of human resource management, policy/program design/formulation on poverty alleviation, implementation, monitoring and evaluation (Nepal).
e) Chaired and represented as Member in more than two-dozen Commissions, Committees and Trust/ Funds[1].
f) Rendered expert service in selecting Chief Executive Officers in a couple of Nepal's public sector enterprises.
g) Served as a part-time Faculty member in Masters level programme at the South Asian Institute of Technology (2004-06) and Masters in International Cooperation and Development programme (2014-15).

Continued page 6

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-८



खोमदत्त बराल

रस नभएको खोस्टाले मुख गिजा लाई घोच्छ रगत पनि आउन सक्छ। यसैले निरसिलो उखुको खोस्टामा रस भर्नु स्वादिलो बनाउँन पोख्त यात्रा बिबरणमा हुनु आबस्यक छ।

यात्रामा दुःख सुख र थकावट पनि हुन्छ । यात्रा गर्दा साधनको पनि ब्याख्या बिबरण प्रस्तुत हुनु अन्यथा होइन होला। काठमाण्डौं बाट स्पाइस जेट । एयरपोर्ट बाट प्रिपेड ट्याक्सी ट्याक्सी लिदाको छलफल र भाडा आदि पनि यात्राका अभिन्न अंग हुन्। ट्याक्सीले कुदाउँने रफ्तार बाटोको जाम घटना दुर्घटनाका कुराका सशक्त प्रस्तुतीले मिठास भर्छ । आग्रादेखी दिल्ली सम्मको यात्रामा पाएको सुख दुखका घटनाले यस यस पटकको यात्रा रमणीय हुनेछ। मथुराबाट प्रबेश राज्य सडक परिबहन निगमको बस बास बसेको होटलबाटैं चल्दो रहेछ। उता बाट भरि भराउ भएर आयो चढ्न नपाउँदै गुडि हाल्यो। दुई तीन बिदेशी सेता महिलाहरु गेटैमा उभिएर बसेका उभिनलाई पनि धौं धौं छ। बिद्यार्थीहरुले कुर्सी ढालेको छ । हामी उमाजी र पंक्तिकार बल्लैले उभिन पाएका छौं । झण्डौं तीस किलोमिटर उभिएर यात्रा गर्नु पऱ्यो । मथुरामा पनि खासै हेर्न लायक केही रहेनछ। कृष्णजी जन्मेको जेल हेरीयो । कृष्णजीको सिरियलमा देखिएको जस्तो भब्य ब्यबस्थापन रहेनछ।

पुरानो भएको । उही कृष्णजीको जन्मस्थल भनेर मात्र हेरीयो। गल्ली र सुरक्षा बााट पनि सिरियलको जस्तो नभएको फलाम लाई खियाले कच्याक्क पारिसकेको बजार पनि उल्लेखनीय ठाउँ नभएको, बस चढेर आगरा पुग्दा पुग्दै यात्रुहरु त रिक्सा टांगा र अटो रिक्साका लागि लोभ लाग्दा सिकार हुने नै भए । दश रुपैया प्रति ब्यक्ति भनिएको अटोले हामिलाई दिन भरि जस्तो घुमायो। हाम्रो सल्लाहमा पहिला दिल्ली फर्कनका लागि बस ब्यबस्था गर्नमा लागियो। आग्राको लाल किल्ला भन्दा अलि पर रोयल ट्राभल्स नामक एउटा पासो थापिएको पनि थिएन । त्यस ठाउँमा एउटा मिया भाइ स्माइल रहेछन् । त्यस्तै बाइस पच्चिसको उरेन्ठेउलो युवा संग टिकटको कुरा भयो । पर्यटक गाडी सुबिधाजनक भन्यो पैसा छ सय भन्दै थियो । साडे पाँच सयमा कुरा मिलाइयो । हुन त दिल्लीबाट आगरा जानका लागि सरायर काले खाना भन्ने बस स्टपमा साडे चार सयमा मिलाइ दिन्छु भन्दै थियो। एउटा नेपाली युवा टिकट काटेर बसेका रहेछन् । त्यति बेला हामीलाई जाइ हाल्ने हतार पनि थियो। यो मरो नेपाली कस्तो मात्तिएको भन्ने लाग्यो । तर आग्राबाट लिएको भाडा हेर्दा नेपाली भाइ प्रति उठेको गलत सोचाइ प्रति आफूलाइ नै नरमाइलो महसूस भयो । टिकट काटियो। अगाडि बढियो। अटो रिक्सा वालाले भुगाल गार्डन घुमाउँन लग्यो। यसले पनि ठगिकै काम गर्दो रहेछ। माथि उल्लेख भएको अशोक भन्नेले हामिलाई भुगल गार्डनका लागि भित्र पठाइ दियो । गार्डन त्यति महत्वको पनि रहेनछ। चौकिदार नभएको टिकट काट्नु नपर्ने सथान दर्शनीय भए पनि त्यति महत्व मानिदैन। भित्र पसियो। मोतिलाल नेहरुको करिव ५०/६० फट अग्लो कदको सालिक रहेछ । न रंग रोभन छ, न सिंगार पेटार उराठ लाग्दो देखिन्छ। अलि पर भने घना जंगल छ। वरिपरि फलामको बार लगाएको छ । भित्र बनमा रातो सेतो सिरिखण्ड चन्दका रुख पनि छन् रे। यति हेरेपछि फोटो खिचेर अघि बढियो। अलि माथि पर्यटक ठग्ने पसलहरु लहरै बनाइएका रहेछन्। एउटा पसलमा पसियो। त्यहाँ ताज महलमा ठूला साना सिंगारात्मक मार्बलमा मूर्ति एउटा सेतो खालको छुट्याएर फेरि जोडेर आकार दिन मिल्ने एशेम्बलीङ्ग पाराको मूर्ति दुई सयमा लिइयो। हेर्दैमा पैसा तिर्नु पर्दैन भन्दै अरु भित्र पट्टि पसियो । त्यहाँ प्रशस्त लुगा कपडा सारि तन्ना आदि भएको पसलमा पुऱ्यायो । केराका रेसाबाट बनाएका। बासका रेसाबाट बनाइएका जेलमा बस्ने केहीहरले बनाएको । यी सामानहरु माहात्म गान्धी खादो भण्डार र खादी पसलमा पनि लिन दिन सकिन्छ । आदि मात्र मूल्य देउ घरमा डेलिभरी गरादिउँला। पैसा नदिए पनि लैजाउ उहिँबाट पठाइदेउ भन्दा भन्दै ७५ प्रतिसत चाँदी मिसाइएको भन्दै साडिहरु बेच्दा रहेछन्। पच्चिस बर्ष लगाए पनि केही हुदैन । पच्चिस बर्ष पछि पनि त्यो साडी आदि दाममा खाकी पसलले फिर्ता किनि दिनु पर्छ । फिर्ता दिने गरेको छ । एउटा अचम्म परिक्षित नभएको कुरा। *(क्रमश:)*

## विप्लव...

जिम्मेवारीबाट हटाएर 'खुला मोर्चा' मा पठाएको छ। '५० केन्द्रीय सदस्यमध्ये १७ जनालाई पद घटुवा गरेर कारबाही गरिएको छ भने खुला मोर्चामा जिम्मेवारी दिइएको छ। तीमध्ये केहीलाई पार्टीले दिएको जिम्मेवारी पूरा नगरेपछि हटाइएको बताइन्छ। चन्द समूहका एक नेताका अनुसार पार्टी कार्यकर्ताको सुराकी गरेको, जिम्मेवारी दिएको क्षेत्रमा नगएको भन्दै केहीलाई जिम्मेवारीबाट हटाइएको र केहीलाई बर्खास्त गरिएको छ। स्थायी कमिटीमा चन्द, हेमन्तप्रकाश ओली, खडगबहादुर विश्वकर्मा, धर्मेन्द्र बाँस्तोला र सन्तोष बुढामगर थिए। चन्दबाहेकका चार जनालाई सचिवालय सदस्यको जिम्मेवारीमात्र दिइएको छ। पोलिटब्युरो सदस्यहरू भरत बम, अनिल शर्मा, ओम पुन, उमा भुजेल, वीरजंग चन्द र मोहन कार्कीलाई केन्द्रीय सदस्यमा घटुवा गरिएको छ। पोलिटब्युरो सदस्य कृष्ण धमलालाई भने केन्द्रीय सदस्यको जिम्मेवारीबाट समेत हटाइएको छ भने केन्द्रीय सदस्य रामप्रसाद तिमल्सिना, शंकर खडका, डीडी पाण्डे, भेषराज भुसाल, पुरुषोतम विष्ट, धनबहादुर महर्जन, डम्बर विश्वकर्मा, आजाद केसीलगायत १७ जनालाई केन्द्रीय सदस्यबाट हटाइएको छ।

## मुलुकको...

डेनमार्क, क्यानडा, न्युजिल्यान्ड, पोर्चुगल, बेल्जियम, ब्रिटेन, जर्मनी, नेदल्यान्डस, इटाली लगायतका युरोपेली मुलुकहरुमा रहेका नेपाली कामदारहरुले पठाउने रेमिट्यान्सको आकार पनि घट्दै गएको छ। अब रेमिट्यान्सबाट देशको अर्थतन्त्र चल्ने अवस्थाको अन्त्य विस्तारै हुँदैछ। देशभित्र रोजगारी सिर्जना गर्ने उद्योगहरु संकटमा फँसेका छन्। बैंकहरुको व्याजदर चर्को र अस्थिर छ। कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान पाँच प्रतिशत मात्र रहेको छ। विदेशी लगानी २६ प्रतिशतले घटेको छ। डुइङ बिजनेश रिपोर्टमा नेपाल १०५ औं स्थानबाट ११० औं स्थानमा पुगेको छ।

विदेशी विनिमय सञ्चिति पनि घटेको छ। गत वर्षको असार मसान्तसम्म ११ खर्ब २ खर्ब रुपैयाँ विदेशी विनिमय सञ्चित रहेकोमा अहिले १० खर्ब २० अर्ब ८८ करोड रुपैयाँमा झरेको छ। यो रकमले नेपालका लागि ७.७ महिनालाई चाहिने वस्तु तथा सेवा आयात गर्त मात्रै पुग्छ। विदेशी विनिमय सञ्चितिमध्ये ८ खर्ब ८५ अर्ब ८३ करोड रुपैयाँ राष्ट्र बैंकसँग छ। बाँकी १ खर्ब ४५ अर्ब रुपैयाँ अन्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये २४.२ प्रतिशत भारतीय मुद्रा रहेको राष्ट्र बैंकले जनाएको छ। गत जेठसम्म मुलुक भित्रिनेभन्दा ९१ अर्ब रुपैयाँ बढी बाहिरिएको छ। नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको ११ महिने देशको वर्तमान आर्थिक अवस्था तथा वित्तीय स्थिति विवरण सार्वजनिक गर्दै मुलुकको शोधनान्तर स्थिति भित्रिने र बाहिरिने रकमको अन्तर ९० अर्ब ८३ करोड रुपैयाँले घाटामा रहेको उल्लेख गरेको छ। यो तथ्यांक अनुसार वस्तु तथा सेवा निर्यातबाट आउने रकम, प्रत्यक्ष वैदेशिक लगानी, विदेशी सहायता तथा ऋण, रेमिट्यान्स लगायत शीर्षक र अन्य विभिन्न शीर्षकबाट मुलुक भित्रिनेभन्दा बाहिरिने रकम बढी भएको हो। खासगरी नेपालीले प्रयोग गर्ने वस्तु तथा सेवा विदेशबाटै अत्यधिक आयात गर्नु पर्दा शोधनान्तर घाटा झन्डै ९१ अर्ब पुगेको हो। यसले मुलुकको परनिर्भरता झन् बढेको देखाउँछ।

'अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ४ अर्ब ३४ करोड रुपैयाँले घाटामा रहेको थियो। 'राष्ट्र बैंकद्वारा जारी प्रतिवेदनमा भनिएको छ। ११ महिनामा चालु खाता घाटा २ खर्ब ४८ अर्ब ७२ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २ खर्ब १० अर्ब २४ करोड थियो- प्रतिवेदनमा भनिएको छ। चालु खाता पनि वस्तु तथा सेवा निर्यात गरेभन्दा आयात बढी गरेकाले घाटा हुन गएको हो। यसको मतलब नेपालले वस्तु तथा सेवा निर्यातको तुलनामा अन्य देशहरुबाट आयात अत्यधिक गरिरहेको देखिन्छ। राष्ट्र बैंकको तथ्यांक अनुसार ११ महिनामा नेपालबाट ८७ अर्ब ८३ करोड रुपैयाँको निर्यात भएको छ। ११ महिनामा कुल वस्तु व्यापारघाटा १७.२ प्रतिशतले विस्तार भई १२ खर्ब ११ अर्ब ९६ करोड पुगेको छ।

प्रधानमन्त्री केपी ओलीले स्वदेशमा आयोजित लगानी सम्मेलनमा मात्र नभएर डाओस सम्मेलनमा समेत पुगी नेपाल लगानीका लागि 'भर्जिन ल्यान्ड' भएको बताए। तर विदेशी लगानीकर्ताले विश्वास गरेका छैनन्। सरकारी प्रक्रियागत झन्झट र अविश्वासका कारण विदेशी लगानीकर्ता आकर्षित हुन सकेका छैनन्। उद्योग विभागको तथ्यांकलाई हेर्ने हो भने विदेशी लगानी अनुमति अघिल्लो वर्षभन्दा आधा घटेको छ। विभागका अनुसार विदेशी लगानीकर्ताले आव २०७४।७५ मा ५५ अर्ब ७६ करोड रुपैयाँ लगानी गर्न अनुमति लिएकोमा गत आव २०७५।७६ मा जम्मा २३ अर्ब ९४ करोड रुपैयाँ लगानी गर्न अनुमति लिएका छन्। अघिल्लो वर्षको तुलनामा यो ३१ अर्ब ८२ करोड रुपैयाँ कम हो। लगानी बोर्ड र उद्योग विभागको तथ्यांक हेर्दा पनि विदेशी लगानीमा वृद्धि भएको छैन। बोर्ड र विभागमा गत वर्ष ६० अर्ब १५ करोड रुपैयाँको विदेशी लगानीलाई स्वीकृत लिएकोमा यो वर्ष ५९ अर्ब ७१ करोड रुपैयाँको मात्रै स्वीकृति लिइएको छ। समग्रमा हेर्दा पनि ४४ करोड रुपैयाँ कम देखिन्छ। विदेशी लगानी आकर्षित गर्न छिटो सेवा दिन एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याए पनि अन्तर मन्त्रालय समन्वयमा कमजोरी डुइङ बिजनेस रिपोर्टका सूचक कमजोर, कामदारको ज्याला महँगो दोहोरो कर र महँगो जग्गा लगायत कारणले पनि विदेशी लगानी बढ्न नसकेको हो। विदेशी लगानी तथा प्रविधि सम्बन्धी ऐन २०३८ ल्याएपछि नेपालमा विदेशी लगानी आउन सुरु भएको हो। आयात प्रतिस्थापन, औद्योगिक वस्तु र सेवाको पहुँच विस्तार गरेर व्यापारघाटा न्यूनीकरण गर्दै व्यापार सन्तुलन कायम गर्ने सरकारी लक्ष्यले सार्थकता पाउन सकेको छैन। न त आन्तरिक उत्पादन र उत्पादकत्व नै अभिवृद्धि हुन सकेको छ।

बढ्दो जनसंख्याका कारण कृषि उपज आयात हरेक वर्ष बढ्दै गएको छ। मुलुकको आर्थिक वृद्धिदर ६ प्रतिशतभन्दा उच्च छ। अझै केही वर्ष यो वृद्धिदर कायम नै रहने प्रक्षेपण विश्व बैंकले गरेको छ। तर अर्थतन्त्रलाई नयाँ मोड दिने नीति भने सरकारले अहिलेसम्म ल्याउन सकेको छैन। कृषि उत्पादनमा आत्मनिर्भर हुन सक्ने हो भने अर्थतन्त्रले प्रगतिको बाटो समाउँछ। २ खर्बको इन्धन आयात भइरहेको छ तर सरकार विद्युतीय यातायातका सञ्चालनमा ल्याउन चासो दिँदैन। सौर्य ऊर्जामा सरकार त्यत्तिकै उदासिन देखिन्छ। भारतसँग तेल पाइप लाइन जोडेर सरकारले इनधनमा नेपाललाई भारतको पूर्ण निर्भर बनाएको छ। गरे हुन्छ भन्ने कुरा सिमेन्ट उत्पादनले देखाएको छ। सिमेन्टमा नेपाल आत्मनिर्भर भएको छ। औषधिमा पनि आत्मनिर्भर हुन सकिने विज्ञहरु बताउँछन्। विद्युत उत्पादन बढाएर ग्यास सिलिन्डरलाई विस्थापित गर्न सकिन्छ। सडकमा साइकल लेन बनाएर साइकल चढ्न प्रोत्साहित गरे मात्र मोटर र बाइकमा जाने अरबौं रुपैयाँ वचत हुन्छ। बढ्दो भ्रष्टाचार, कमिशन र आर्थिक अनियमितता हटाएर जनतालाई सुशासनको प्रत्याभूति गराउँदै समृद्धितर्फ बढ्न सरकारलाई अझै तीन वर्ष बाँकी छ।

## गाँजा अझै...

गाँजालाई लागू औषधका रुपमा व्याख्या गर्दै अन्तर्राष्ट्रिय स्तरमा प्रतिबन्ध लगाउन दबाब दिने रणनीति लियो। अमेरिकाले गाँजालाई राजनीतिक एजेन्डाको रुपमा दुरुपयोग गरेको थियो। अमेरिकी दबाबमा नेपाल नपर्ने कुरै भएन। हिप्पीहरु न्पाल आएर गाँजाको आनन्द लिन थालेपछि यसैलाई निहुँ बनाएर सरकारले गाँजा प्रतिबन्ध गऱ्यो।

सन् १९६० को दशकमा अमेरिकामा परम्परागत धर्म, संस्कृति र जीवनशैलीलाई नमान्ने युवा अभियान हिप्पी शैली विस्तार भएको थियो। हिप्पीहरु लामो कपाल पाल्ने, अरुभन्दा भिन्न लुगा लगाउने, गाँजाको धूवाँ उडाउने र आनन्द लिने गर्थे। नेपालमा सस्तोमा गाँजा पाउने भएकाले उनीहरु काठमाडौं आएर लामो समय बिताउँथे। नेपाल सरकारले सन् १९६१ म विदेशीलाई गाँजा बेच्न काठमाडौंमा ३० वटा पसललाई लाइसेन्स दिएको थियो। यसबाट सरकारले ठूलो राजस्व प्राप्त गर्थ्यो। अमेरिकामा नेपालबाट गाँजा तस्करी भएको भन्दै अमेरिकाले गाँजा नियन्त्रण गर्न दबाब थियो। सरकारले सन् १९७३ मा गाँजा बेच्ने पसलहरुको लाइसेन्स रद्द गऱ्यो। सन् १९७६ मा लागू औषध नियन्त्रण ऐनले गाँजालाई पूर्ण प्रतिबन्ध लगायो।

अथर्ववेदका अनुसार पाँच आधारभूत वनस्पतिमा गाँजा पनि पर्छ। वेदका अनुसार गाँजाले स्वतन्त्रता, खुसी र एकाग्रता दिन्छ। विषले मूर्छित व्यक्तिलाई गाँजाको उपचारले बचाउन सकिने हिन्दू कथामा उल्लेख छ। विभिन्न रोग लाग्दा मानिस र पशुपक्षीलाई गाँजाको पात फूल र दाना खुवाउने चलन पनि छ। गाँजाको फल अर्थात् भाङको अचार स्वादिलो र सवस्थ्यबर्द्धक मानिन्छ। गाँजामा नशा लगाउने र औषधिको रुपमा उपयोग हुने दुई प्रमुख तत्व हुन्छन। गाँजामा हुने ८० रसायनमध्ये फूलमा हुने क्यान्ना विडियोल र ट्रेटा हाइड्रो क्यान्नाबिनालले औषधीय गुणका बाबजुद नशा लगाउने काम गर्छ। तर गाँजाले रक्सीले जस्तो मातेर झगडा गर्न मानिसलाई प्रेरित गर्दैन।

हावर्ड युनिभर्सिटीका मेडिकल विषयका प्रोफेसर पिटर ग्रिन्सपोन भन्छन्- क्यान्नविसमा हुने रसायन क्यान्नाविडियोलले दुखाई, चिन्ता, अनिद्रा, मिर्गी, मनोविकृत सबै मानसिक रोगमा सबैभन्दा प्रभावकारी औषधिको काम गर्छ। जोड्नी खिइने रोगमा गाँजाको तेल सबैभन्दा प्रभावकारी पाइएको छ। क्यान्नावियोलले कलेजोलाई बलियो पार्ने, रिसर्चबाट देखिएको छ। यसको कुनै साइड इफेक्ट हुँदैन। जनावरहरुमा यसको परीक्षणले पूर्ण सफलता पाएको छ।

अमेरिकामा सन् २०१४ मा गाँजाबारे रिसर्च गर्न विश्वविद्यालय र राज्यहरुलाई खुला गरियो। सन् २०१८ मा किसानहरुले राज्य सरकारमा दर्ता भएर मापदण्ड पूरा गरेर सिफारिस गरिएका गाँजाका प्रजाति खेती गर्न खुला गरिएको छ। ४६ वटा राज्यले गाँजा खेती खुला गरिसकेको छन् भने ४ वटा राज्यले खुला गर्न मापदण्ड तर्जुमा गर्दैछन्।

यसअघि नै युरोप र क्यानडामा गाँजालाई वैध गरेर धेरै प्रडक्टहरु तयार भइसकेका छन्। गाँजाबाट निर्मित अर्बौं डलरका सामान अमेरिकाले क्यानडाबाट आयात गरिरहेको छ। नगदेबालीका रुपमा कपास खेतीलाई प्रबर्द्धन गर्दै आएको अमेरिकी सरकारले अब गाँजालाई प्रबर्द्धन गर्न लागेको छ। गाँजा खेतीबाट किसानको आम्दानी चार गुणा बढ्ने प्रक्षेपण अमेरिकामा गरिएका छन्। कपास खेतीबाट किसानले गर्ने आम्दानी गाँजाको फाइबरबाट मात्र हुने अनुमान गरिएको छ। गाँजाको फाइबर निकै बलियो हुने हुँदा कपडा बनाउन उपयोगी हुन्छ। अष्ट्रेलियाले गाँजाबाट क्यान्सरको औषधि निर्माण गर्दैछ। नेपाली किसानहरुले पनि गाँजा खेती गरेर अर्थोपार्जन गर्ने वातावरण तयार गर्न सरकारले ढिलाइ गर्नु हुन्न।

## आकासियो...

नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षको पहिलो ११ महिनामा ८ खर्ब रुपैयाँ रेमिट्यान्सबापत भित्रिएको छ, यसमा सेवा आयबाट आर्जन भएको ६८ अर्ब र निर्यातबाट प्राप्त ९७ अर्ब १० करोड रुपैयाँ जोड्दा पनि कुल व्यापारघाटाको बिल भुक्तानी गर्न पुग्दैन। यसमा पनि नेपालीहरूको विदेश भ्रमण गर्ने क्रम बढेको तथा यहाँ सञ्चालित विदेशी संयुक्त लगानीका कम्पनीले लाभांशबापत रकम फिर्ता लैजाने क्रम बढेकाले सेवाबाट हुने आयभन्दा व्यय बढीको अवस्था छ। देशको करिब ६५ प्रतिशतको व्यापार साझेदारी रहेको भारतसँगको मात्र व्यापारघाटा ८ खर्ब ५५ अर्ब रुपैयाँ नाघेको छ। गत वर्ष भारतबाट ९ खर्ब १८ अर्ब रुपैयाँबराबरको आयात गरेकोमा नेपालबाट मुश्किलले ६२ अर्ब ७३ करोड रुपैयाँबराबरको मात्र निर्यात भएको छ।

विगत एक दशकमा देशभित्र कृषिजन्य वस्तुको आयात सत प्रतिशतभन्दा अधिकले बढेको विभागको तथ्यांकले देखाउँछ। आव ०६७/६८ मा करिब ११ अर्ब रुपैयाँबराबरको कृषिजन्य वस्तु आयात भएको अहिले यो १ खर्ब १८ अर्ब नाघेको छ। नेपालले गत आर्थिक वर्षमा १ खर्ब १८ अर्ब रुपैयाँबराबरको कृषिजन्य वस्तुमात्र आयात गरेको छ, जसमध्ये ५१ अर्ब ८० करोड रुपैयाँबराबरको अन्न, २८ अर्ब ६६ करोडको तरकारी, १८ अर्ब १० करोडको फलफूल, ४ अर्ब ९ करोडको जिउँदा जन्तु र करिब १६ करोड रुपैयाँबराबरको मासु आयात भएको छ। जिउँदा जन्तुहरूमा पनि मासुकै लागि २ अर्ब ६५ करोड रुपैयाँ मूल्यबराबरका ३ लाख १६ हजार खसीबोका आयात भएको भन्सार विभागको तथ्यांकले देखाएको छ।

## भारतलाई...

धारणा फेरिएको थियो। मनमोहन सिंहको शासनकालमा अमेरिकासँगको परमाणु सम्झौता ऊसँगको सुमधुर सम्बन्धको नतिजा थियो जुन पछि गएर थप मजबुत बनेको थियो। जब ट्रम्प राष्ट्रपति बने, मोदीले उनीसँग पनि राम्रो सम्बन्ध राख्ने प्रयास गरे। तर अमेरिकी राष्ट्रपतिको अप्रत्यासित व्यवहार भारत सरकारका लागि चिन्ताको विषय बनेको छ।

अमेरिकाले भारतसँग सौविध्यपूर्ण व्यापार प्रणाली (जिएसपी) फिर्ता लिएको छ जसमा भारतीय निर्यातको शुल्कमा ६ अर्ब डलरको फाइदा मिलेको थियो। मोदी सरकारले आफ्नो बजारमा अमेरिकी कम्पनीलाई न्यायसंगत तथा उचित पहुँच नदिएको भन्दै ट्रम्पले यस्तो निर्णय गरेका हुन्। यसको प्रतिक्रियामा भारतले बदाम तथा स्याउसहित २८ अमेरिकी उत्पादनमा प्रतिशोधात्मक शुल्क लगाएको छ।

## माले...

सुदर्शन लामिछाने, कृष्णहरि गजुरेल, वसन्त पाण्डे, राममाया लामिछाने, संघरत्न वज्राचार्य, हिमाञ्चल कार्की रहेका छन्। उद्योग व्यवसाय क्षेत्रबाट कृष्णराज दुलाल, गोमा दुलाल साथै पत्रकार रोहित भट्ट पनि भ्रमण टोलीमा रहनुभएको छ। प्रतिनिधिमण्डलले साउन २१ गतेदेखि २८ गतेसम्म साताव्यापी भ्रमण गर्ने भएको छ।

## राष्ट्रवादी...

स्वास्थ्यलगायतका यावत् क्षेत्रमा सक्रिय रहेर विदेशीहरुले आफ्ना गुप्त योजना पूरा गर्ने गरेको पाइएको छ। गणतन्त्र, संघीयता, राज्यको पुनः संरचनालगायतका 'नयाँ नेपालका मुद्दाहरु' पनि कम्युनिस्टको मौलिक चिन्तन होइन भन्ने कुरा भारतीय नेताहरुले छर्लङ्ग पारेका छन्। महाकाली सन्धिमा हस्ताक्षर गरेर भारतको निर्देशनमा काम गर्ने कांग्रेस, नेकपा र राजावादीहरु समेत नांगिइसकेका छन्। नेपाललाई महाकाली सन्धिबाट अर्बौंको फाइदा हुन्छ र देश झिलिमिलि हुन्छ भन्ने नेताहरु आज मौन छन्। नेपाली जनता निराश, उदास र विचलित हुनुको मुख्य कारण एउटै छ, कुनै पनि दलले राष्ट्र र जनताको हितलाई केन्द्रमा राखेर काम गर्न सकेनन्। तर समस्याको समाधान के त ? यो प्रश्न जटिल छ। राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाभिमानलाई सुदृढ तुल्याउनुको सट्टा विदेशीलाई रिझाएर शासनमा पुग्न र टिक्न खोज्ने प्रवृत्ति रहुञ्जेलसम्म विदेशीको अनधिकृत हस्तक्षेप रोक्न असंभव छ। यो नेपाली जनताका लागि सबैभन्दा ठूलो दासत्व पनि हो।

प्रजातन्त्रमा सबै स्वतन्त्र हुन्छन्। मर्यादा र अनुशासनको लक्ष्मणरेखा, कानूनी र सम्वैधानिक घेरा अनि अधिकार तथा कर्तव्यको हेक्का राख्न सक्ने चेतनशील समाजमा प्रजातन्त्र प्रवल बन्छ। नर्वे, स्वीडेन, जापान, वेलायत, बेल्जियम, थाइल्याण्ड, मोनाको, लक्जेमवर्ग, डेनमार्क, हल्याण्ड, स्पेन लगायतका कतिपय देशमा 'गणतन्त्र' नभएपनि प्रजातन्त्रको सुन्दर अभ्यास भएका उदाहरण छन्। अनुसन्धानमा प्रसिद्धि पाएका संस्थाहरुले गरेको सर्वेक्षणमा जीडीपीका दृष्टिले विश्वका दश धनी देशमध्ये सातवटामा गणतन्त्र छैन। राष्ट्रसंघले सुखी, शान्त र समृद्धि भनेका प्रमुखबीच राष्ट्रमध्ये तेह्रवटा देशमा गणतन्त्र छैन। राष्ट्रपति इमान्दारी, कर्तव्यवोध र राष्ट्रनिर्माणको प्रवल चाहना, तद्नुरुप नीति कार्यक्रम तथा समर्पणभाव छ भने त्यो देशमा राजनीतिक नै प्रगतिको ठूलो वाधक बन्दैन। तर जव नेताहरु नै आत्मकेन्द्रीयत, सुविधाभोगी, विलासी, भ्रष्ट, कर्तव्यच्यूत, पराधीन र दृष्टिकोणविहीन वन्छन्, तव राष्ट्र घोर संकटमा पर्छ। राष्ट्रलाई उपेक्षा गर्ने प्रवृत्ति रहेसम्म गणतन्त्र, राजतन्त्र वा अरु जेसुकै तन्त्र भएपनि त्यसले राष्ट्र सुमुन्नत बन्न सक्दैन। विदेशीको कठपुतली बन्न पाउँदा गर्वोन्मत्त हुने नेताहरुले शासन गरुन्जेल नेपालले कहिले द्रुततर प्रतिको अनुभूति गर्न पाउने छैन, यो कटु यथार्थ हो। नेपाल स्वाधिन रहनुपर्छ भन्ने राष्ट्रवादी चिन्तनको अवसान भएमा हाम्रो स्वतन्त्रता समाप्त हुनेछ।

नेपाल आज भारतीय गुप्तचर संस्था 'अनुसन्धान तथा विश्लेषण विभाग (Reserch and Analysis Wing-RAW) को ग्राण्ड डिजाइनमा फसेको छ। माओवादी, एमाले, कांग्रेस, राप्रपा, राप्रपा नेपाल, जनशक्ति पार्टी, सद्भावना र 'तराई मधेश' नामका प्रायः सबै दलमा त्यसको चलखेल देखिन्छ। सत्ता पाउन र सत्तामा टिकिरन नेताहरु जे बन्न पनि तयार छन् भन्ने स्पष्ट देखिएको छ। नेपाल, भुटान, वंगलादेश, श्रीलंका, पाकिस्तानदेखि वर्मासम्म खेलिरहेको भारतीय गुप्तचर संस्थाका षड्यन्त्रपूर्ण गतिविधिको पर्दाफास गर्न खोज्दा कैयन् लेखक, पत्रकार, विश्लेषक तथा राष्ट्रवादीहरुले ठूलो मानसिक पीडा भोग्नुपरेको छ। नेपालमा वितेका केही वर्ष यता प्रमुख दलहरु मात्र होइन, कैयन् संचारमाध्यम, गैरसरकारी संस्था र प्रभावशाली व्यक्तिहरु त्यसको प्रभावमा परेको रहस्योद्घाटन भइरहेको छ। भारतमा 'र' लगायतका झण्डै दशवटा गुप्तचर संस्था छन् तर सन् १९६८ को सेप्टेम्वर २१ तारीखमा स्थापित 'र' ले वैदेशिक राजनीति र कूटनीतिमा खेल्ने भएकाले यो इजरायलको मौसाद, अमेरिकाको सिआइए, चीनको गयानवू र वेलायतको एम-सिक्सटिन जस्तै प्रवल मानिन्छ। त्यति हुँदाहुँदै पनि 'र' ले कार्गिल युद्धमा लज्जित हुनुपऱ्यो। नेपालमा सन् २००५ को फेव्रुअरी १ मा भएको घटना यसले चाल पाएन र सन् १९९९ मा जनरल पर्वेज मुसरर्फले सैनिक विद्रोह गरेको खबर पनि 'र' का अधिकृतहरुले टेलिभिजन हेरेर चाल पाए भनिन्छ। बलुचिस्तान लिबरेसन आर्मीदेखि लिएर वर्माको कचिन इन्डेपेन्डेन्स आर्मीसम्म र नेपालका माओवादी छापामारलाई समेत हतियार, तालिम र पैसा दिनसक्ने 'र' ले दक्षिण एसियामा कतै गणतन्त्रका नाममा, कतै पृथक् राज्यका नाममा र कतै स्वतन्त्रताका नाममा चलखेल गरेको 'भित्री कथा' सतही अध्ययनबाट बुझ्न सकिदैन।

दिल्लीको लोधीरोडमा वमले ध्वस्त नहुने तेह्रतल्ले विशाल भवनमा 'र' को मुख्यालय छ। हालसम्म यसले विदेशस्थित भारतीय दूतावास, गैरसरकारी संस्था, नागरिक समाज, पत्रकारलगायतका विभिन्न ठाउँमा आफ्ना मान्छेहरु भर्ना गरेर सुचनासंग्रह गर्दै आएको छ। हरेक गुप्तचर संस्थाले त्यसै गर्छन। सिंहदरवारदेखि नारायणहिटीसम्म, सेनादेखि प्रहरीसम्म, अध्यागमनदेखि पत्रकार महासंघसम्म, होटलदेखि सिमानासम्म यत्रतत्र सर्वत्र विदेशीका गुप्तचरहरु हुन सक्छन् भन्ने हामीले हेक्का राख्न सकेनौं। पंचायतकालमा जलस्रोत मन्त्री ध्यानबहादुर राईका निजी सचिव नै भारतीय जासुस भएको प्रमाणित भएको थियो। अधिवक्ता शम्भु थापाले अन्तरिम संविधान एकजना व्यक्तिले बालुवाटारमा बसेर एकैरातमा बनाएको रहस्य खोलेका छन्। तराईमा 'विद्रोह' गर्नेहरुले गाउँका लोहारसँग बन्दुक बनाएका होइनन्।

रामेश्वरनाथ काओले स्थापना गरेको 'रअ' को प्रमुख उद्देश्य विदेशी नेता, कर्मचारी, पत्रकार आदिलाई कठपुतली बनाएर 'भारतीयकरण' गर्नु हो। केही वर्ष अघिसम्म काठमाडौंका भित्ता भित्तामा 'भारतीय विस्तारवाद मुर्दावाद' भन्ने नाराहरुसम्म देख्न पाइथ्यो। आज नेपाललाई सिक्किम बनाउने अन्तिम प्रयत्न हुँदा पनि अधिकांस सचेत नेपालीहरु अचेत झै देखिएका छन्। भारतीय पैसाले ति किचिएका छन्। आर.एन. काओपछि एन.सन्तुक, गिरिशचन्द्र एक्सेना, एके वर्मा, जी.एस. बाजपेयी, एन. नरसिंहन्, जे.एस. वेदी, ए.एस. स्याली, रञ्जन रोय, अरविन्द देवे, सीडी सहाय, जीकेएच ठक्करन (टी. हर्मिस) र हालका अशोक चतुर्वेदी सबैले एउटै एजेण्डा पाएका हुन् - सबै छिमेकीलाई कमजोर पारेर 'अखण्ड भारत' बनाउने। त्यही योजना अनुसार भारतले पाकिस्तान टुक्र्याएर बंगलादेश बनाइदियो। अवामी लिग भारतकै लिटो र जाउलो खाने दल हो। नेपालका प्रमुख दलहरु भारतपरस्त भएझै सिक्किम नेशनल कंग्रेस पनि भारतले स्थापना गरिदिएको हो - लेण्डुप दोर्जेलाई नेता बनाएर। सिक्किमलाई भारतमा गाभ्न राजालाई प्रजातन्त्रविरोधी देखाएर राजतन्त्र उन्मूलन गरियो। बनारसमा रहेका बीपी कोइरालाले लेण्डुप दोर्जेलाई सारनाथस्थित आफ्नै घरमा सिक्किममा राजतन्त्र र प्रजातन्त्र एकढिक्का नभए भारतले खत्तम पार्छ भनेर सम्झाउनु भएको थियो।

आज नेपालको अस्तित्व नै संकटमा परेको छ। अब 'गणतन्त्र' कुनै रुपमा आउँछ वा राष्ट्र बचाउन सेनाले प्रजातान्त्रिक शक्तिलाई अघि सारेर गनतन्त्र -guntantra) सुरु गर्छ भन्ने कुरा यो पंक्ति कोरुन्जेलसम्म स्पष्ट भइसकेको छैन। नेपालमा भारतको नीगो हस्तक्षेपलाई चीनले चुनौति दिएको, राष्ट्रसंघ, भारत, अमेरिका र चीनको चासो झन् बढेको यो अवस्थामा नेपालको अस्तित्वरक्षा गर्न सेनाले कुनै कठोर कदम चाल्यो भने त्यसका निर्देशक को हुन् भनेर कसैले सोधिरहने झन्झट शायद गर्दैन।

## पारवहन...

नेपाली आयातकर्ताहरूले भने सिपिङलाइन कम्पनीहरूले वाटर सरचार्ज, ड्यामरेज चार्ज लगायतको नाममा विभिन्न अतिरिक्त शुल्क लिईरहेको गुनासो गरेका छन्। तर, कोलकाता पोर्ट ट्रष्टका अध्यक्ष विनित कुमारले भने यो समस्याको सृजना सिपिङलाइनले नै गरेको बताए। उनले भने- सिपिङलाइन कम्पनीहरूको अन्तर्राष्ट्रिय सञ्जाल रहेको र उनीहरूले लिने शुल्कको सम्बन्धमा कोलकाता बन्दरगाहले हस्तक्षेप गर्न नसक्ने बताए। सबै सिपिङ कम्पनीहरूले इलेक्ट्रोनिक कार्गो ट्र्याकिङ सिस्टम (ईसीटीएस) सेवा दिइरहेको भन्दै उनले ईसीटीएस शुल्क महँगो भयो भनेर आयातकर्ताले गरेको गुनासो रहेको र यसबारेमा सिपिङ कम्पनीहरूलाई दुईपटक बोलाएर छलफल पनि गरिसकेको जानकारी दिँदै यसको शुल्क पनि छिट्टै कम हुने आश्वासन दिए। कोलकाता पोर्टमा सिपिङ कम्पनीहरूले नेपाली आयातकर्ताहरूलाई ईसीटीएस सेवाको नाममा अनेक दुःख दिँदै आएको स्वीकार्दै उनले तर सिपिङलाइन कम्पनीहरूलाई नियमन र कारबाही गर्ने कुनै पनि संयन्त्र वा निकाय नै भारत सरकारसंग नभएकाले समस्या देखिएको बताए।

सिपिङलाइन कम्पनीहरूले लिने शुल्कको समस्या नेपाली आयातकर्ताहरूको मात्रै नभई भारतीय आयातकर्ताहरूले पनि यो समस्या भोगिरहेको बताउदै उनले यो समस्या समाधानका लागि भारतको सरकारी स्तरबाटै ऐन बनाएर नियमन गर्ने तयारी गरेको जानकारी दिए। सदियौंदेखि व्यापार गर्दै आएको नेपाली आयातकर्ता, कोलकाता पोर्ट ट्रष्टको पहिलो प्राथमिकतामा रहेको भन्दै अध्यक्ष विनित कुमारले पछिल्लो समय नेपाली आयातकर्तालाई कसरी गुणस्तरीय र सहज सेवा दिन सकिन्छ भन्ने विषयमा कोलकाता पोर्ट ट्रष्ट गम्भीर रहेको र यसमा लागि परेको बताए।

कार्यक्रममा सहभागी नेपाली उद्योगी व्यपारीहरूले वीरगन्जबाट कोलकाता बन्दरगाहको भन्दा जिशखापट्टनमको दूरी दोब्बर भए पनि कोलकाता बन्दरगाहमा अनेक झन्झट र अतिरिक्त शुल्कका कारण आयाकर्ताहरूले विशाखापट्टनमलाई रोज्न थालेको बताएका थिए।